स्थानीय 'ख' वर्गको

# झुलेनी पोष्ट

www.jhulenipost.com


वर्ष १०, अंक ५, २०८० भदौ ५ मंगलवार (Jhuleni Post Weekly 22 Aug. 2023) पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, विजुवार
Email : jhulenipyuthan@gmail.com

## ललिता निवास जग्गा प्रकरण

## पूर्वप्रधानमन्त्री द्वय नेपाल र भट्टराईसँग सीआईबीले लियो बयान





**झुलेनी पोष्ट**

**काठ्माडौं**

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बालुवाटारस्थित ललिता निवास र त्यसले चर्चेको सरकारी जग्गा हिनामिना प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई बयान लिएको छ।

प्रधानमन्त्रीद्वयसँग बयान नलिएको भन्दै तीव्र आलोचना भएपछि सीआईबीले आइतबार बयान लिएको हो । ललिता निवासको जग्गा व्यक्तिका नाममा लैजाने गरी मन्त्रिपरिषद्बाट भएका निर्णयमा संलग्न भएकामाथि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सीआईबी)ले बयान लिने तयारी गरिरहेका बेला सत्ता गठबन्धन दलको दबाबमा नेपाल र भट्टराईसँग बयान नलिई अनुसन्धान टुंग्याउन लागेको थियो। दुवै पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको वर्तमान सरकारका घटक हुन्। नेपाल र भट्टराईसँग बयान नलिइकन सीआईबीले आइतबार ललिता निवास जग्गा प्रकरणबारे जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाउने तयारी गरेको थियो । तर, मन्त्रिपरिषद्बाट निर्णय गराउने मुख्य व्यक्तिसम्मै अनुसन्धान गर्न सर्वोच्च अदालतले दिएको आदेश पालना नगर्दा अवहेलनाको मुद्दा लाग्न सक्ने भन्दै नेपाल र भट्टराईसँग बयान नगरी रायसहितको प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाउन नसकिने अडान सीआईबीका अधिकारीहरूले लिएपछि प्रतिवेदन बुझाउनुअघि बयान लिएको हो। विशिष्ठ व्यक्तिका निवास विस्तारका नाममा नक्कली मोही र भूमाफियालाई ललिता निवासको जग्गा सट्टाभर्ना दिने निर्णयमा संलग्न पूर्वप्रधानमन्त्री नेपाल र मन्त्रिपरिषद्बाटै निर्णय गराएर ललिता निवासको जग्गा कायम लगेर त्यसमा नक्कली खडा गरेको कसुरमा भट्टराईसँग सीआईबीले आइतबार राती बयान लिएको हो । बयान कागज गराए पनि मुद्दामा भने दुवै जनालाई प्रतिवादी बनाइनेछैन । आवश्यक पर्दा सरकारी साक्षीका रुपमा राख्न सक्ने गरी कागज गराइएको उच्च स्रोतले जानकारी दियो। 'जग्गा हिनामिना हुने गरी मन्त्रिपरिषद् बाट भएका निर्णयका निर्णायधिकारीमाथि अनुसन्धान गर्नू भन्ने सर्वोच्च अदालतको आदेशमा स्पष्ट लेखिएको छ। आदेशको पालना नगर्दा अनुसन्धान अधिकृतमाथि नै अवहेलनाको मुद्दा लाग्न सक्ने कुरा हामीले सम्बन्धित ठाउँमा भन्यौं । यदि बयानमा नसमेट्ने हो भने प्रतिवेदनमै 'फरार सूची' मा राख्नुपर्ने हुन्छ,' गृह

बाँकी ७ पेजमा....

## मान्छे होईन सेवा विदेश पठाउने योजना बन्दै छःसञ्चारमन्त्री शर्मा

**झुलेनी पोष्ट**

**प्यूठान**



सञ्चार तथा सूचना प्रविधी मन्त्री रेखा शर्माले सूचना-प्रविधी सम्वन्धी सीप आर्जन गरेर त्यससम्वन्धी सेवा निर्यात गर्नुपर्ने बताएकी छिन् ।

प्यूठान नगरपालिका १ मा रहेको भुवनेश्वरी मा.वी. मा बहिरा(विशेष शिक्षा)आवासिय भवन उद्धाटन कार्यक्रममा बोल्दै उनले देशको भुगोल र सिमाले कुनै अवरोध नगर्ने सुचना प्रविधिको क्षेत्रमा विकास गर्नसके देश छिटै विकास हुने बताइन । उनले एउटा सर्वेक्षण अनुसार नेपालमा सुचना प्रविधिको क्षेत्रमा काम गर्ने ६६ हजार युवा विध्यार्थीले विदेशवाट ६७ अर्व रकम भित्राएका तथ्यांक सार्वजनिक गरेको बताइन।

आफ्नै ठाँउमा वसेर नेपालीहरुले आफ्नो सेवा विदेशमा वेचेर दाम कमाउने कुरा चानचुने नभएको बताइन् । 'सुचना प्रविधिको क्षेत्र न भुगोलको अवरोधले रोकिन्छ ,'उनले भनिन, 'नत सिमानाले । हामिले यो क्षेत्रमा विकास गर्न सके गाउँमै वसेर विदेशी मुद्रा आर्जन गर्न सक्छौं ।' सरकारले सञ्चार मन्त्रालयमार्फत यसवर्ष सुचना प्रविधी सम्वन्धि व्यवसायीक तालिम सञ्चालन गर्न थालेको उनले जानकारी दिइन । सरकारले प्रदेश स्तरमा सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्न थालेको बताउदै उनले युवा विध्यार्थीलाई तालिममा सहभागि हुन आग्रह गरिन् । खैरामा १९ जना श्रवण समस्या भएका( बहिरा)विद्यार्थी आवासिय रुपमा सांकेतिक भाषामा पढ्ने गर्दछन् । यहाँ ४० लाख प्रदेश सरकारवाट र ७ लाख ८ हजार ३ सय ३२ स्थानीय जनसहभागितामा उनहीले अध्यायन गर्ने भवन बनेको छ । भवनले अपाङ्गता भएका वालवालिकाको पठनपाठनमा सहयो पुऱ्याएको छ।

**यसैबिच** नेपाल सरकारका प्रवक्ता, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जनता सामु सेवा बेच्न सके फाइदा हुने बताईन् । आइतबार नेपाल टेलिकम लुम्बिनी प्रदेशद्धारा आयोजित नेपाल टेलिकमको सेवा सम्बन्धि जानकारी एवं अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री शर्माले यस्तो बताएकी हुन् । पछिल्लो समय बद्दो मानिसको भिडमा जति सेवा दिन र बेच्न सक्यो त्यति नै नेपाल टेलिकमलाई नाफा हुने भन्दै जनतालाई

बाँकी ५ पेजमा....

## हाम्रो नजर

### जन्मदिनमा अस्पताललाई वाटर डिस्पेन्सर



*जन्मदिनमा अस्पताललाई वाटर डिस्पेन्सर पछिल्ला दिनमा जन्मदिन मनाउने शैलीमा केही फरकपन भएको छ । सामाजिक कार्य चौतारी निर्माण, वृक्षारोपन गरेर होस् वा गरिब दिन दुखीलाई सहयोग गरेर बनाउनेक्रम बढ्दै गएको छ ।*

*यस्तै प्यूठान नगरपालिका वडा नम्बर-४, बिजुवारमा व्यावसाय गर्दै आएका मल्लरानी ३ का रामप्रसाद पोख्रेल जन्मदिनको अवसरमा जिल्ला अस्पताल प्यूठानलाई वाटर डिस्पेन्सर उपलब्ध गराएर आफ्नो जन्मदिन मनाएका छन् । लायन्स क्लब अफ प्यूठान भित्रिकोटका सचिव समेत रहेका पोख्रेलले एक कार्यक्रमको आयोजना गरेर अस्पतालालाई सामान प्रदान गरेका हुन् । अस्पतालमा रहेका विरामीहरुको अवस्थालाई मध्यनजर गर्दै वाटर डिस्पेन्सर मेसिन उपलब्ध गराएको लायन्स क्लब अफ प्यूठान भित्रिकोटका सचिव पोख्रेलले बताए । पोख्रेलका अनुसार बिरामीहरुले त्यो मेसिनबाट तातो, मन तातो र चिसो पानी आवश्कता अनुसार निकालेर प्रयोग गर्न सक्नेछन् । अस्पतालमा यो मेसिनको अभाव भएको हुँदा उनले जन्मदिनको अवसरमा उपलब्ध गराएको बताए ।*

## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं,र दुई छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं ।

अनुरोधक :
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

झुलेनी पोष्ट

सम्पादकीय....

## श्रमदानमा सहभागिता बढाऔं

सरकारले उपभोक्ता समिति मार्फत विकास निर्माणका काम गर्दा अनिवार्य जन सहभागिताको व्यवस्था गरेको छ। यसलाई मध्यनजगर गर्दै केहि स्थानीय तहहरुमा जनप्रतिनिधिहरुको नेतृत्वमा विकास निर्माणका कामहरुमा जनसहभागीता गराउँदै विकास निर्माणको काम हुन थालेका छन् । स्थानीय तहहरुमा बाटोघाटो निर्माण तथा स-साना कामहरु श्रमदान मार्फत गर्न थालेका छन्। अहिले प्यूठान जिल्लाका विभिन्न नगर तथा गाउँपालिकाहरुमा जनप्रतिनिधिहरुको अगुवाईमा स्थानीयको सहभागिता सहित श्रमदान मार्फत सडक मर्मत हुन थालेको छ । आफ्नो गाउँ आफै बनाऊ भन्दै स्थानीयबासीहरु पनि उत्साहका साथ श्रमदान कार्यमा जुटेका छन् । बर्षातको समयमा पानीको भेलले बाटोको संरचना बिगारेर खाल्डा खुल्डी पर्ने,पहिरो जाने हुँदा सवारी साधन आवत जावत गर्न नसक्ने तथा बाटो सफा गर्ने डोजर,एक्साभेटर जस्ता साधनको पर्खाईमा बस्दा लामो समयसम्म सडकमा यातायातका साधनहरु चल्न नसकेर सास्ती वेहोर्नु भन्दा ससाना कामहरु आफै पनि गर्न सकिन्छ भन्ने मनसायले स्थानीयहरु श्रमदानमा अग्रसर देखिन्छन्। यसरी स्थानीयबासीहरुले बाटोघाटो मर्मत गर्दा गाउँघरका सानातिना समस्याहरु समाधान भएका छन् ।

जनश्रमदानले समस्या समाधान हुने मात्र नभई समुदायमा सेवाभावको समेत बिस्तार गर्न सहयोग पुगेको छ ।पछिल्लो समयमा युवाहरुमा सामाजिक सेवाको भावना हराउँदै गएको बेला यसले युवा पुस्ताहरुमा सामाजिक भावनाको समेत बिस्तार गर्न मद्दत पुग्ने देखिन्छ।अहिले प्यूठान जिल्लाका केहि स्थानीय तहमा यो कामको थालनी भएको छायो कामले सामाजिक सद्भाव कायम गर्नुका साथै आफ्नो गाउँ समुदायको विकास निर्माणमा स्थानीय सरकारसँग हातेमालो हुनेछ । जिल्लाका सबै स्थानीय तहहरुले एउटा अभियान स्वरुप योजना बनाएर जनप्रतिनिधीसहित श्रमदान कार्यमा जुट्न सके स्थानीयहरुलाई पनि हौसला मिल्ने र सामाजिक सद्भाव सहित राम्रो काम पनि हुनेछ । त्यसैले यस्ता सकारात्मक कामको सबैले सिको गर्न जरुरी छ ।

# नागरिकता : कानून बदलियो, ब्यवहार कहिले ?


बबिता बस्नेत

एक्काइस वर्षअघि आमा र बाबुको सम्बन्ध बिच्छेद भयो । आमा र बाबुको सम्बन्ध बिच्छेद भएको १३ वर्षपछि बनाएको छोराको नागरिकतामा 'आमाको नाम थर'मा आमा र बाबु दुवैको थर जोडेर लेखियो। आमाको कुनैपनि दस्ताबेजमा बाबुको थर थिएन, छैन । बाबुको नाममा आमाले नागरिकता लिएकी थिइनन् र कुनै पनि प्रकारको सम्पत्ति लिएको थिएन। औपचारिक, अनौपचारिक कुनै पनि दस्ताबेजमा आमाले कहिल्यै बाबुको थर लेखेकी थिइनन्। सबै दस्ताबेजमा आमाको मात्रै थर भएको र आफ्नो नागरिकतामा रहेको 'आमाको नाम'मा बाबुको थर पनि जोडिएकाले आमाको नाममा रहेका कुनैपनि काजगात छोराको नाममा सार्नका लागि समस्या पर्ने देखियो । नागरिकतामा भएको नामकै आधारमा राष्ट्रिय परिचयपत्र पनि बन्ने हुँदा राष्ट्रिय परिचयपत्र बनाउनुअघि नागरिकतामा रहेको आमाको नामको पछिल्लो थर काटेर नागरिकताको प्रतिलिपि लिनुपर्ने भयो ।

नागरिकताको प्रतिलिपि लिनका लागि वडाको सिफारिश लिएर जिल्ला प्रशासन कार्यालय जानुपर्थ्यो । वडाको सिफारिशका लागि आमा-छोरा उपत्यकाको जिल्लासम्बन्धित वडामा गए । वडा कार्यालयमा रहेका सचिवलाई समस्या बताएर सिफारिसका लागि अनुरोध गरेपछि उनले पहिलो डकुमेन्ट मागे- बाबुको नागरिकता चाहिन्छ ! 'नाम मेरो सच्याउने हो, मेरो नागरिकता यहाँ छ' आफ्नो नागरिकता दिँदै आमाले भनिन् । 'बाबुकै नागरिकता चाहिन्छ' भन्दै उनले दोश्रो डकुमेन्ट मागे, विवाह दर्ता ल्याउनुस् । उनले आफ्नो सम्बन्ध बिच्छेदको डकुमेन्ट दिँदै भनिन्, सम्बन्ध बिच्छेद भएको धेरै वर्ष भयो, यहाँ छ । 'वडामा यसको दर्ता भएको कागज ल्याउनुस', उनले तेश्रो डकुमेन्ट मागे। उनले भनिन- 'मैले दर्ता गर्नुपर्ने खासै थिएन, सम्बन्धित मान्छेले पक्कै गरेका होलान्, उनको विवाह भइसक्यो, दोश्रो विवाह दर्ता गर्नुअघि सम्बन्ध बिच्छेद दर्ता भएको होला, यहाँहरूले नै खोजिदिनुभए हुन्छ।' जवाफपछि, 'त्यसोभए सम्बन्ध बिच्छेदको यो कागजलाई अदालतमा गएर प्रमाणित गरेर ल्याउनुस'- उनले चौथो डकुमेन्टका लागि नयाँ काम अह्राए । 'सबै कुरा त यहीँ लेखिएको छ, के कुरा प्रमाणित गर्ने? अदालतमा कसले गर्छ ? प्रक्रिया के हो? केका लागि ? हामीले नयाँ नागरिकता लिन खोजेको होइन, आमाको नाम पछाडि लेखिएको अन्तिम थर निकालेर आमाको थर मात्रै राख्न लागेको हो, जसका लागि आवश्यक डकुमेन्ट सबै छ' भनेपछि सचिव- तपाईंले भनेर हुन्छ? वडाध्यक्षसँग कुरा गर्नुस् । 'हुन्छ' भनेर वडाध्यक्षको कक्षमा पहिला सचिवलाई जे विवरण भनिएको थियो त्यही विवरण बताएपछि सिफारिशमा केही लेखेर हस्ताक्षर गर्दै वडाध्यक्ष- 'ए' भइहाल्छ, डकुमेन्टहरू बनाएर राख्नु राम्रो हो, पछि अनावश्यक दुःख हुन्छ।' जनप्रतिनिधि र कर्मचारीबीचको अन्तर' !

यदि सबै अधिकार ती कर्मचारीमा हुन्थ्यो भने नागरिकतामा नाम सच्च्याएर लिने प्रतिलिपिका लागि ती युवाले कति दुःख, कष्ट र हीनताबोधको सिकार हुनुपर्थ्यो-होला हामी अनुमान गर्न सक्छौं। वडाध्यक्षको सिफारिशपछि आउनु पर्ने त फेरि सचिवकैमा थियो। सिफारिश पत्रमा ल्याप्चे लाउने क्रममा युवाको प्रश्न- 'ल्याप्चेमा त दायाँबायाँ फरक गरेर लाउनुपर्छ क्यार, कसरी लाउने?'सचिवको जवाफ- 'दायाँबायाँ भन्ने कता हुन्छ थाहा छैन ?' युवाको जवाफ- 'दायाँ र बायाँ कता हो भन्ने थाहा भएपनि भेरिफाइ गर्न त मिल्छ होलान नि'!' यता जिल्ला प्रशासन कार्यालयमा नागरिकतामा नाम सच्च्याएर प्रतिलिपि लिनु सामान्य कुरा' काम फटाफट भयो, कर्मचारीको ब्यवहार पनि राम्रो । २०८० श्रावण २८ गते आइतबार यो सबै दृष्यको साक्षी बनेपछि सोचिरहेकी छु, आवश्यक नै नभएका दस्ताबेज मागेर कतिपय सरकारी कर्मचारीहरू सर्वसाधारणलाई किन दुःख दिन्छन् ?

नागकिता र दस्ताबेजहरू अगाडि राखेर विवरण भन्नेबित्तिकै वडाध्यक्षले बुझेको कुरा के ती कर्मचारीले बुझ्दैनन् त? कर्मचारीको काम आवश्यक नै नभएका डकुमेन्ट मागेर नागरिकलाई अल्झाउने हो र ? सर्वसाधारणलाई सहज बनाउनका लागि हुनुपर्ने राज्यका नीति-नियमहरूलाई धेरैजसो (सबै होइन तर अधिकांश) कर्मचारीले झन्झटिलो र बोझिलो किन बनाउने गर्छन्? कतिपय कर्मचारीको ब्यवहारका कारण हामीकहाँ 'कर्मचारीलाई राष्ट्रसेवक किन भनिएको होला ?' भनेर प्रश्न गर्ने र आश्चर्य मान्नेहरूको संख्या ठुलो छ। सरकारी काममा जानु पर्यो या कर्मचारीसँग 'डिल' गर्नुपर्ने अवस्था आयो भने मन नै भारी हुन्छ। जानुनपरे या चाँडै सक्न पाए हुन्थ्यो जस्तो लाग्छ । हाम्रो कर्मचारीतन्त्रमा असल नियतका राम्रा मान्छे नभएका होइनन् तर खराब नियतकाहरूको बोलवालाले असल कर्मचारीहरू आफैं छायामा परिरहेका छन् । नीति, नियमहरू सर्वसाधारणको सहजताका लागि बन्ने हुन्, तर कुन नीतिले के कुरालाई फुकाउँछ भनेर होइन केलाई बाँध्छ भनेर हुनैपर्ने कामलाई रोक्न शब्दहरू केलाउने प्रवृत्ति कर्मचारीहरूमा छ ।नीति,नियमहरू सर्वसाधारणको सहजताका लागि बन्ने हुन्, तर कुन नीतिले के कुरालाई फुकाउँछ भनेर होइन केलाई बाँध्छ भनेर हुनैपर्ने कामलाई रोक्न शब्दहरू केलाउने प्रवृत्ति कर्मचारीहरूमा छ ।

लामो सङ्घर्षपछि महिलालाई अलि सहज हुने नेपाल नागरिकता कानूनको संशोधन भइ नियमावली बन्ने क्रममा छ । आमाको आफ्नै पहिचान, सम्पत्ति, घर हुन्छ भनेर हामीकहाँ खासै परिकल्पना गरिँदैन । 'आमाको ठेगाना छुट्टै, बाबुको ठेगाना छुट्टै हुन्छ र ?' भनी आश्चर्य मान्ने अवस्थामा नागरिकता नियमावलीमा स्पष्ट गर्नुपर्ने कुरा धेरै छन् । सम्बन्ध बिच्छेद भएकाहरूको अर्कै कुरा, पति-पत्नी सँगै रहेकाहरूको पनि आमा र बाबुको छुट्टै ठेगाना हुन्छ भन्ने कुरा नियमावलीमै उल्लेख भएन भने अहिले भोग्दै आएको दुःख सय वर्षपछि पनि भोगिरहनुपर्ने हुन्छ। स-साना ब्यवहारिक कुरामा ध्यान दिएर सर्वसाधारणलाई दुःख नहुने गरी र आवश्यक नभएका दस्ताबेज मागेर हैरान नपार्ने खालको सहज नियमावली आउन जरुरी छ । नीति, कानून राम्रा हुँदाहुँदै पनि सरकारी कार्यालय पुगेपछि अनेक बहानामा जनतालाई दुःख दिने गरिएको छ ।

कर्मचारी ब्यवहारको सुधार कर्मचारीबाटै सुरु हुनुपर्छ।मुख्य सचिव कर्मचारीका प्रमुख भएकाले उहाँकै नेतृत्वमा कर्मचारीलाई जनतासँग कसरी सहज रूपमा प्रस्तुत हुने भन्ने कुरामा 'ओरिएन्टेशन' आवश्यक छ। सरकारी कर्मचारी सबैका साझा भएकाले उनीहरूसँग भेट्दा, ब्यवहार गर्दा सर्वसाधारणलाई खुशी लाग्ने र आत्मविश्वास जाग्ने अवस्था आउनुपर्छ।अहिले त भयङ्कर आत्मविश्वासी मानिस छ भनेपनि सरकारी कामकाजमा पर्‍यो भने उसको आत्मविश्वास क्षणभरमै खस्किने अवस्था छ । नागरिकताको सवालमा मात्र नभइ सबै सरकारी कामकाजमा कर्मचारीको ब्यवहारमा परिवर्तन होस् । उहाँहरू हाम्रै लागि हो भनेर सर्वसाधारणले कर्मचारीलाई

# संकटमा लुम्बिनीको छापा पत्रकारिता

त्यसो त अहिले समग्र मुलुकको छापा पत्रकारिता अत्यन्तै चुनौतिपूर्ण अवस्थामा छ । संख्यात्मक रुपमा बर्गेल्ती देखिने तर निरन्तरताको आलोकबाट हेर्दा तीब्रतर प्रबिधिको बिकासले छापा पत्रकारिताको भबिष्य कमजोर बन्दै गइरहेको छ । यसै पृष्ठभूमिमा बिश्वशान्तिका नायक गौतम बुद्धको जन्मभूमि लुम्विनीको नामबाट नामाकरण भएको लुम्विनी प्रदेशमा संचारमाध्यमको उपस्थिति र प्रभावका दृष्टिले हेर्दा राजधानी पछिको दोस्रो मुख्य क्षेत्रको रुपमा लिन सकिन्छ । यस प्रदेशमा समेटिएका १२ जिल्लाहरु समग्र विकासको मानकमा परक फरक अवस्थामा रहेका छन् । यसैअनुरुप छापा पत्रकारिताको अवस्था र धरातल पनि भौगोलिक बिकटता र आर्थिक बिकासको आधारमा अलग अलग परिबेशमा रहेको पाइन्छ ।

यसमा बिशेषतः रुपन्देही, दाङ, बाँके जस्ता प्रमुख शहर बजार क्षेत्रको अवस्था र रोल्पा, रुकुम, प्यूठान, अर्घाखाँची गुल्मी लगायतका जिल्लाहरु बिकासका अन्य आयामहरुमा जति बिबिधता त छ त्यसैगरी संचारमाध्यम यसमा मुख्यतः छापा पत्रकारिताको उपस्थिति र प्रभाव पनि त्यसैगरी उल्टो छाअर्थात सुबिधा सम्पन्न बजारीया क्षेत्रमा मिडियाले केही हदसम्म बिश्वासिलो ढंगले बजार जमाएको देखिएपनि पहाडि जिल्लाहरुको संचारमाध्यम त्यसमा पनि मुख्यतः छापा पत्रकारिताको बजार साँघुरिदैं गएको छ। बिस्तारै पछिल्लो परिबेश हेर्दा समग्र लुम्विनीको छापा पत्रकारिता संकटको दिशामा धकेलिंदै गएको रुपमा बुझ्न सकिन्छ ।

२००६ सालमा हस्तलिखित पत्रकारिताबाट यात्रा प्रबेश गरेको लम्विनीको छापा पत्रकारिताको इतिहास खोतल्दा औपचारिक रुपमा पत्रिका प्रकाशनको थालनी २०१० सालदेखि भएको पाइन्छ। २०११ सालमा बाँकेबाट प्रकाशित हिन्दी भाषाको नयाँ सन्देश साप्तहिक यस्तै २०१६ सालमा प्रकाशित मातृभूमि साप्ताहिक अथवा रुपन्देहीबाट २०१२ सालमा प्रकाशित बुटवल साप्ताहिक देखि २०१८ सालमा नवलपरासीमा दर्ता भई बुटवलबाट प्रकाशित साप्ताहिक लुम्विनी र त्यसैबर्ष पाल्पा जिल्लाबाट प्रकाशित पाल्पा साप्ताहिक नै लुम्विनी प्रदेशका छापा पत्रकारिताको पहिलो प्रयास हुन् । यसरी हेर्दा लुम्विनी प्रदेशको छापा पत्रकारिताले अहिले सम्म आइपुग्दा सात दशक लामो इतिहास ब्यतित गरेको छ । यो लामो पत्रकारिताको यात्रामा कैयन उतार चढावसंगै संचारमाध्यममा कैयन प्रबिधिहरु भित्रिएका छन् । प्रबिधिको बिकासले कुनै बेला नेपाली पत्रकारिताको साख र गरिमा जोगाउन उच्च भूमिका खेलेको छापा पत्रकारिता अहिले भने कमजोर बन्दै गएको देखिन्छ ।

***लुम्विनी छापा पत्रकारिताको संक्षिप्त इतिहास :***

लुम्विनीको छापा पत्रकारितामा पाल्पा जेठो छ । २००६ सालमा पथप्रदर्शक पत्रिकाबाट श्रीगणेश हुँदै पाल्पाबाटै प्रकाशित भएका संघर्ष ( २००८) र प्रगति (२००९) हस्तलिखित रुपमा भएपनि उदाएका थिए । यसैगरी बाँके जिल्लामा पनि २००८ सालमा नयाँ दिशा नामक हस्तलिखित रुपमा प्रकाशन बाँके पत्रकारिताको यात्रामा प्रवेश गरेको थियो । २००७ सालमा राजनीतिक परिबर्तनपछि पत्रिका प्रकाशन कार्य अन्य जिल्लामा बिस्तार हुने क्रममा रुपन्देहीबाट २०१२ साल चैत्र १५ गते बुटवल साप्ताहिकले पनि प्रकाशन आरम्भ गर्‍यो । त्यस अघि २०११ सालमा बाँकेबाट हिन्दी भाषामा नयाँ सन्देश साप्ताहिक प्रकाशन भएको थियो । तर पनि बाँकेमा २०१६ सालमा प्रकाशित भएको मातृभूमि सापताहिकलाई जिल्लाको पहिलो औपचारिक पत्रिकाको पत्रिकाको रुपमा लिने गरिन्छ । यद्यपी २०३१ साल असोज देखि प्रकाशित साप्ताहिक किरण मास्टहेडमा दर्ता नं १ मा उल्लेख रहेको बाँके पत्रकारिताको इतिहासको खोजीनीतिको क्रममा देख्न सकिन्छ। यसैगरी २०१४ सालतिर प्यूठानमा मोहनबिक्रम सिंहको नेतृत्वमा चलेको भ्रष्टाचार बिरोधि आन्दोलनको

क्रममा २०१४-२०१६ मा प्रकाशित प्यूठान समाचार बुलेटिन प्यूठानको पत्रकारिताको पहिलो पत्रिका हो । यस्तै २०१८ साल फागुन ७ गतेका दिन रुपन्देहीबाट साप्ताहिक लुम्विनी प्रकाशन भएको थियो । लामो इतिहास बोकेको यो पत्रिका अहिले पनि प्रकाशनमै रहेको छ । २०१८ सालमै पाल्पाबाट पाल्पा नामक साप्ताहिक समाचार पत्र दर्ता भई प्रकाशन भएको थियो । त्यस्तै रुपन्देहीबाट लुम्विनी सन्देश साप्ताहिक (२०२२), दैनिक निर्णय ( २०२२), निष्पक्षध्वनी (२०२७) खसोखास साप्ताहिक (२०२७) प्रकाशन भए । यता दाङबाट पनि २०३३ असोज १७ गतेदेखि युगबोध पाक्षिक प्रकाशित भएको थियो । यो पत्रिका पनि तत्कालीन शासकको आँखामा निशाना बन्न पुगेको थियो । अनेक संघर्ष र चुनौति झेल्दै अहिले युगवोध दैनिक रुपमा प्रकाशनमा रहेको छ । पाल्पाबाट २०४० सालमा सत्य साप्ताहिक र त्यसपछि श्रीनगर साप्ताहिक प्रकाशित भएको पाइन्छ । नवलपरासीमा २०४५ सालमा नयाँ ज्योति साप्ताहिक पत्रिकाको प्रकाशन भएको थियो । इतिहास हेर्दै आउँदा एउटा गर्वको बिषय यो होकी २०१७ सालमा राजा महेन्द्रले प्रजातान्त्रिक ब्यवस्थामाथि कु गरी तानाशाही पंचायती ब्यवस्था लादेर छापा पत्रिकामाथी दमनको निती अपनाए तथापी दमनको प्रतिरोध गर्दै पत्रिकाहरु



सुशील पोखरेल

हिम्मतका साथ प्रकाशनमा आउनु नेपाली पत्रकारिताका लागि सुखद बिषय हो । प्रकाशन यात्राको बिस्तार प्रक्रियामा कतिपय जिल्लामा पंचायतको समयमा साहित्यिक पत्रकारिताको शुरुवात भएको पाइन्छ ।यी साहित्यिक पत्रिकाहरुले पनि छापा पत्रकारिताको बिकासका लागि टेवा पुरयाएको देखिन्छ। बर्दियामा २०३० ताका पत्रकारिता प्रकाशन कार्य स्थानीय बिद्यालयहरुबाट भएको देखिन्छ। २०२९ सालमा गुलरियास्थित महाकवि देवकोटा माध्यमिक बिद्यालयमा प्रकाशित बाणि र २०३० सालमा अमर सहिद दशरथ चन्द माबि राजापुरबाट प्रकाशित कर्णाली पत्रिकालाई यसको उदाहरणको रुपमा लिन सकिन्छ। तर कालान्तरमा यी पत्रिकाहरुले निरन्तरता भने लिन सकेनन् । यस्तै रोल्पामा पनि २०३४ सालमा सुनछहारी नामक साहित्यिक पत्रिका प्रकाशन भएको पाइन्छ । भने २०६३ सालमा आएर रोल्पा आवाज पाक्षिकको रुपमा जिल्लाकै पहिलो समाचार मुलक पत्रिकाको प्रकाशन शुरु भएको थियो । अर्घाखाँचीमा मोदनाथ प्रश्रितले २०३८ सालमा जयतु संस्कृतम मार्फत पत्रकारिता शुरु गरेको देखिन्छ । लुम्विनीका अन्य केही जिल्लामा २०४६ सालको प्रजातन्त्र पुर्नस्थापनपछि मात्रै पत्रकारिता शुरु भएको थियो । अर्घाखाँची जिल्लामा २०५४ सालमा भू-सन्देश र अर्घाखाँची सन्देश नामक पत्रिकाको प्रकाशनसंगै पत्रकारिताको शुरुवात भएको थियो। २०५५ सालमा प्यूठानमा गौमुखी मासिक पत्रिका पहिलो दर्ता रहेपनि यो प्रकाशन भने हुन सकेन । २०५७ सालमा रेसुङगा शिखर सन्देश साप्ताहिकको प्रकाशनसंगै गुल्मीमा पत्रकारिताको शुरुवात भएको हो। त्यस्तै २०५८ पौष १ गतेदेखि प्रकाशित सोमेश्वर साप्ताहिकलाई कपिलबस्तुको पहिलो पत्रिकाको रपमा लिइन्छ । बर्दियामा पनि २०४६ सालको राजनीतिक परिबर्तनपछि नै समाचारमुलक पत्रिकाको प्रकाशन आरम्भ भएको हो । लुम्विनी प्रदेशमा रुकुमपूर्व कान्छो जिल्लाको रुपमा रहेको छ । यहाँ पत्रकारिताको शुरुवात २०६२/२०६३ को जनआन्दोलनपछि भएपनि अहिले सम्म प्रशासन कार्यालयमा पत्रिका दर्ता भएको देखिंदैन । यसरी हेर्दा लुम्विनी प्रदेशका बिभिन्न जिल्लाहरुमा आ-आफनै परिबेश र सन्दर्भबाट पत्रिका प्रकाशन भई छापा पत्रकारिताको बाटो पक्रेको देखिन्छ ।

***छापा पत्रकारिताको हालको अवस्था :***

बाँकी ६ पेजमा...

# अनुत्पादक नेतृत्व बाटो छोड, थप बोझ नबन



गुरुराज घिमिरे

हिजो-आज देशका कुनाकाप्चा सबैतिर सतहमा एउटै बहस चलेको देखिन्छ– 'नेपाल अब कहिल्यै बन्दैन, नेपाल बनाउने कोही भएनन्, दलहरूले देश बिगारे, नेताहरू भ्रष्ट भए ।'

लोकतान्त्रिक नेपालका लागि यो निकै निराशाजनक र दुःखद कुरा हो । वर्तमान शासन प्रणालीका निम्ति कांग्रेसले झण्डै आठ दशक लामो लडाइँ लड्यो । नेपालमा पटक-पटक राजनीतिक अधिकार खोसियो र कांग्रेसकै प्रयत्न एवं अगुवाइमा प्राप्त पनि भयो । यस ऐतिहासिक यथार्थसँग नेपाली जनमानस पूर्ण परिचित छ ।र, यसमा कुनै नेपालीले विवाद पनि गर्दैन । तर मुख्य कुरा राजनीति भए पनि जनताको जीवनमा आधारभूत परिवर्तन आयो कि आएन भन्ने कुराले राजनीतिक प्रणालीको साख र भविष्य निर्धारण गर्दछ। आफ्ना जनताप्रति राज्यले न्याय गर्‍यो कि गरेन भन्ने विषय प्रमुख हो। जनतालाई राजनीतिक अधिकारले मात्र पुग्दैन । सुरक्षा, खाद्यान्न र शान्ति अपरिहार्य शर्त हो । अरु धेरै विषय जनताको दैनन्दिन जीवनसँग जोडिएका हुन्छन् । साथै, उसले आफ्नो प्रतिष्ठापूर्ण जीवनका निम्ति आवश्यक पर्ने सबै पूर्वाधारयुक्त समाज खोज्दछ । राज्यको गठन र उत्पत्ति नै जनआवश्यकताले भएको हो भन्ने कुराको हेक्का शासन व्यवस्था चलाएकाहरूले राखेको देखिंदैन ।यस विषयमा स्वयं राज्य अर्थात् नेपाल कति जिम्मेवार र गम्भीर छ त? यसको एउटै उत्तर छ, गम्भीर छैन। त्यसैले यस्ता बहसहरू सघन रूपमा निरन्तर चलिरहेका छन् । शासनबाट फाइदा उठाइरहेको सीमित समूह बाहेक लगभग सबै तह र समुदायका नेपालीहरू यो बहसमा सामेल छन् । यसले नेपाली समाजमा तनाव र आक्रोश बढिरहेको छ। त्यसका बाछिटाहरू सर्वत्र पुगेका छन् ।राजनीति, कूटनीति र शासन व्यवस्थाका सम्बन्धमा उर्बर तथा प्रखर ज्ञान राख्ने प्राचीन मगधका चिन्तक विश्वविख्यात विचारक चाणक्यले राज्यको गठन वा उत्पत्तिका बारेमा आफ्नो धारणा दिएका छन् । उनी संसारमा चाणक्य, कौटिल्य र विष्णुगुप्तका नामले चिनिन्छन् ।

उनका अनुसार, जङ्गली अवस्थामा पशुवत् जीवन बिताइरहेका मानिसहरूले शोषण, असुरक्षा र जीविकाको संकटबाट जोगिनका लागि राज्यको निर्माण वा गठन गरेका हुन् । र, सँगसँगै आफूले विश्वास गरेको वा पत्याएको मेधावी, बुद्धिमान र बलशाली व्यक्तिलाई राजा वा शासक चयन गरेका हुन् ।शासन व्यवस्था सञ्चालन गर्न ऐन कानुनको प्रबन्ध मिलाएका हुन् । प्राचीनकालमा मनुष्यको प्रथम राजाको रूपमा मनुलाई लिइन्छ । जनताले आवधिक रूपमा तय गरिएको कर बुझाउने र त्यही खर्चबाट शासकले राज्य सञ्चालन गर्ने प्रबन्ध गरिएको हो ।कौटिल्यका अनुसार राज्यका खास कामहरू निर्धारण गरिएको हुन्छ । जसअनुसार तीन वटा कार्य प्रमुख छन । आन्तरिक शान्तिसुरक्षाको स्थापना, बाह्य शत्रुको आक्रमण वा असुरक्षाबाट जोगाउने र राज्यको सुख समृद्धिका लागि लोक कल्याणकारी योजना बनाई लागू गर्ने।

यी तीनै कार्यको उद्देश्य जनतालाई सुख दिने हो । जब संसारमा राज्यको निर्माण वा गठन भयो, त्यहाँका बासिन्दाका निम्ति राज्य नै सर्वोपरि ठान्न थालियो । राज्यलाई शक्तिशाली बनाउनतिर राजा र शासकहरूको ध्यान केन्द्रित हुन थाल्यो । समयक्रममा तिनै राजा र शासकहरू निरंकुश हुन थाले । त्यसपछि पुनः जनताको दुर्दिन सुरु भयो । शासन व्यवस्थाको तानाशाहीकरणले राज्य गठनको आधार भूत मान्यता नै क्षत-विक्षत हुन पुग्यो । शासनमा पुगेका वा पुर्‍याइएका व्यक्तिहरूले राज्यको दोहन गरी आफ्नो स्वार्थ पूरा गर्न थाले । समयक्रममा लोककल्याणकारी राज्यको प्राचीन अवधारणालाई पुर्नस्थापित गर्ने प्रयासको दौरानमा लोकतान्त्रिक शासन प्रणालीको उदय भयो । यद्यपि प्राचीनकालमा पनि संसारका कतिपय राज्यमा यसको निष्ठापूर्ण अभ्यास कायम थियो ।केही दिनअघि भारतीय लोकसभामा कांग्रेस नेता राहुल गान्धीले मणिपुर राज्यमा चलिरहेको आन्दोलनमा राज्यले गरेको हिंसाको चर्को

बाँकी ६ पेजमा...


**कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस**

उन्नत स्थानीय हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिउ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैंसी बाख्राको दाना, गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको लागि औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

व्यवस्थापक :
कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पौडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान न.पा.-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन :**
**९८४७८३९१४३, ९८६८६६८७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

# के चाहन्छ मान्छे ? पैसा ,प्रतिष्ठा कि जीवन सार ?

पैसा कमाउने चक्करमा मान्छे दिनरात यसरी घोटिएको हुन्छ कि उसले आफ्नो स्वास्थ्यको ख्याल नै राखेको हुँदैन। सुत्ने-उठ्ने, खाने-बस्ने तालिका गडबड भएको हुन्छ। योग, व्यायाम, ध्यान जस्ता विधि अपनाउने फुर्सद नै हुँदैन । आरमले खान पाउँदैनन् । मान्छेसँग प्रुदो धनदौलत त हुन्छ तर त्यसलाई भोग गर्ने शरीर भने कमजोर र शिथिल भइसकेको हुन्छ। त्यसैले मान्छेले पैसा कमाइसकेपछि बल्ल आफ्नो स्वास्थ्यप्रति हेक्का राख्न थाल्छन्।

अनुशासित जीवनशैली, खानपानले मान्छेको स्वास्थ्य सुधार हुन्छ। स्वास्थ्य ठीक भएपछि फेरी मान्छेलाई तेस्रो आवश्यक्ता महसुष हुन थाल्छ, त्यो हो प्रतिष्ठा । मान्छेसँग धन छ, स्वास्थ्य ठीकठाक छ भने उसलाई प्रतिष्ठा, मान-सम्मानको भोक जाग्न थाल्छ ।मान्छेलाई सामाजिक प्रतिष्ठा प्राप्त हुन्छ । के अब मान्छेले आफूलाई पूर्ण ठान्छन् ? सन्तुष्ट हुन्छन् ? पक्कै हुँदैनन् । किनभने यी सबैकुरा प्राप्त भइसकेपछि पनि मान्छेलाई चौथो आवश्यक्ता महसुष हुन्छ । त्यो आवश्यक्ता हो, आफ्नै जीवनको औचित्य।

यो चरणमा पुगिसकेपछि मान्छेले आफैलाई बुझ्ने यत्न गर्छन् । म को हुँ? यो रहस्य जान्न खोज्छन् । स्वयम्को उत्पति, उदेश्यबारे चासो राख्न थाल्छन्। आफ्नै जीवनको रहस्यबारे खोज, अध्ययन गरिसकेपछि मान्छे फेरी संसारतर्फ फर्कन्छ। उसले समाज, संसार र चराचर जगतको बारेमा सोच्न थाल्छ। आखिर मान्छे किन आफुलाई परिपूर्ण ठान्दैनन्? किन एउटा आश्यक्ता पुरा भएपछि अर्को आवश्यक्ता देख्न थाल्छ । भनिन्छ, एउटा उचाईमा पुगेर हेर्दा अर्को क्षितिज देखिन्छ । मान्छे त्यो क्षितिजसम्म पुग्न चाहन्छ । जब त्यो क्षितिजमा पुग्छ, फेरी अर्को क्षितिज देखिन्छ । आकंक्षा र उदेश्य यसरी नै अग्लिदै र फैलिदै जाने हुन्छ । तब मान्छे एउटै कुरामा अडिएर बस्न सक्दैनन् ।एउटा कुरा प्राप्त भएपछि फेरी अर्को कुराको चाह हुनुमा मान्छेको दोष छैन । यो त मान्छेको आफ्नो प्राकृतिक स्वभाव हो। तर, महत्वपूर्ण कुरा के छ भने एउटा चरणबाट अर्को चरणमा पुग्नका लागि ऊ पहिलो चरणमा सन्तुष्ट भएको हुनुपर्छ । यसलाई स्वभाविक र प्राकृतिक प्रक्रियाको रुपमा बुझ्न सकिन्छ ।

तर, कति मान्छे हुन्छ जो एउटै कुरामा जीवनभर मरिहत्ते गर्छन् । जस्तो कोही धनदौलत आर्जन गर्न चाहन्छन् भने बाँचुञ्जेल त्यसैको दौडधूपमा लाग्छन् । उसलाई कति धन भएपछि पुग्छ ? थाहा छैन । कति बैंक मौज्जात भएपछि पुग्छ ? थाहा छैन । कति घर-गाडी भएपछि पुग्छ? थाहा छैन । उनीहरु आफ्नो जीवनको सम्पूर्ण उदेश्य नै पैसा कमाउने हो भनेर बुझ्छन् । यो असामान्य हो ।

त्यस्तै कोही स्वास्थ्यका लागि मात्र चासो दिइरहेका हुन्छन् । कस्तो खाने, के गर्ने, के नगर्ने आदिबारे सोचिरहन्छन्। त्यसभन्दा दायाँबायाँ केही सोच्दैनन् । स्वास्थ्यप्रति सजग हुनु राम्रो हो । तर, यो नै सबैथोक हो भनेर यसैमा मात्र तल्लिन हुनु राम्रो होइन ।

कति मान्छे भने मानप्रतिष्ठाको अधिक भोको हुन्छ र उसले जे-जसरी पनि त्यसैको प्राप्तिमा मात्र लागिरहन्छन्। जीवनमा मान, प्रतिष्ठा नै सबैथोक हो भनेर हत्ते गर्छन् । यो पनि असामान्य हो । एउटा चरणमा पुगेपछि मान्छे अर्को चरणमा उक्लन्छ, जसलाई प्राकृतिक मानिन्छ । यसको महत्वपूर्ण पक्ष के हो भने, मान्छे जति तह माथि उक्लदै जान्छ त्यती-त्यती जीवनको नजिक पुग्छ । जीवनको सारतत्व खोज्न, जीवनको बोध हुनथाल्छ। जीवन, जगत र प्राणीको अस्तित्वलाई महसुष गर्न थाल्छ । मान्छेले जब आफैलाई चिन्न सक्छ, तब उसले अरुलाई बुझ्न सक्छ। अरुको भावना, दुःख, सुख सबै बुझ्न सक्छ । जीवनको यो एउटा सर्वोत्तम चरण हो । किनभने यही चरणमा पुगेपछि मान्छे डर, भय, मोह, लोभ, आशक्ति, घृणाजस्तो विकारबाट मुक्त हुन्छन् । आफ्नो जीवनको मूल स्रोत पहिल्याउँछ र स्थायी आनन्द प्राप्त गर्छ। आफुलाई बुझ्छन्, जगतलाई बुझ्छन् । सार्थक जीवन बाँच्छन् ।तर, दुःखको कुरा के छ भने अधिकांश मान्छे यो तहसम्म उक्लिन सक्दैनन् । उनीहरु कहिले धनको खोजीमा त कहिले प्रतिष्ठाको खोजीमा भौतारिन्छन् । अनि आफ्नै जीवनलाई बुझ्न नपाई यो लोकबाट विदा हुन्छन् । एउटा अहंम प्रश्न, के मान्छे धन, स्वास्थ जीवन र मान-प्रतिष्ठा आर्जन गरेपछि मात्र अर्को चरणमा उक्लिन्छन्। अर्थात यी सबैकुरा पुगिसरी भएपछि मात्र मान्छे आत्मिक चिन्तनमा लाग्छन् ?कतिपयलाई आफ्नो दैनिकी गुजार्न पुग्ने धन पनि हुँदैन। कतिपय रोगी शरीर लिएर बाँचिरहेका हुन्छन् । कतिपयले मान-प्रतिष्ठा पाएकै हुँदैनन् । के यही स्थितीमा रहेर उनीहरु आत्मिक चिन्तनमा लाग्छन् ? जीवन र जगतको खोजमा लाग्छन् ?



डा. ओममुर्ति अनिल

संभवत कुनैपनि प्राप्तिले मात्र मान्छे अघाउँदैन । चाहे धन होस् वा प्रतिष्ठा। यी असीमित छन् र यसको कुनै अन्तिम विन्दु छैन । त्यसैले यस्ता आवश्यक्ता पुरा भएपछि मात्र मान्छे जीवनको सार्थकता पहिल्याउनतर्फ लाग्छ भन्ने हुँदैन सायद । किनभने प्राप्तिमा भन्दा त्यागमा मान्छेले जीवन सार भेट्न सक्छ । कुनैपनि स्तर वा चरणमा मान्छेले आफ्नो अस्तित्व बोध गर्न सक्छन् । चराचर जगतलाई बुझ्न सक्छन् । जीवनको सार भेट्न सक्छन् ।

# शरीरमा पानीको मात्रा कम हुँदा के हुन्छ ?

शरीरमा पानीको मात्रा शरीरबाट निस्किएको पानीको मात्राभन्दा कम हुन्छ भने त्यस्तो अवस्थामा डिहाइड्रेसन हुन्छ। हाम्रो शरीरबाट कुनै न कुनै तरिकाबाट पानी बाहिर निस्कन्छ। पिसाब या पसिनाको माध्यमबाट शरीर पानी शरीरबाट बाहिर निस्कन्छ।

१. थकान

पानीले शरीरलाई उर्जा दिन्छ। डिहाइड्रेसनका कारण इन्जाइममा असर पर्छ, जसबाट शरीको सबै प्रक्रियामा असर पर्छ। पानी कम हुने कारण थकान र सुस्तता महसुस हुन्छ। शरीरमा उर्जा नहुँदा मानिस शारीरिक रुपमा सक्रिय हुन सक्दैनन्।

२. दम

जब शरीरमा पानीको कमी हुन्छ, त्यसपछि श्वासप्रश्वास प्रणालीमा समस्या पैदा हुन्छ। जसका कारण श्वास लिन समस्या हुन्छ। यदि अचानक दम हुन्छ भने बिरामीलाई बढीभन्दा बढी पानी पिउन दिनुपर्छ। पानीका साथ जूस, नरिवल पानी, लस्सी आदि भरपूर पिउन दिनुपर्छ। यसबाट तीव्र गतिमा श्वास लिने समस्या कम हुन्छ।

३. रक्तचाप

गर्मीमा अक्सर पसिना बढी बग्दा शरीरको र गतमा मौजूद पानीको मात्रामा कमी आउन सक्छ। यस्तो अवस्थामा धेरैपानी खाने सल्लाह दिइन्छ। उच्च रक्तचापका बिरामीले छिन छिनमा पानी पिउनुपर्छ। शरीरबाट पानी निस्क्यो भने रक्तचाप कम हुन सक्छ।

४. उच्च कोलेस्टेरोल

उच्च कोलेस्टेरोल एक समस्या हो, जो मुटुका लागि घातक हुन सक्छ। जब आवश्यकताको हिसाबले पानी पिइदैंन, शरीरले बढी मात्रामा कोलेस्टेरोल निमृण गर्छ। यदि शरीरलाई पर्याप्त पानी मिल्ने हो भने कोलेस्टेरोलको समस्या पैदा हुँदैन।

५. छालासम्बन्धी समस्या

पानीमार्फत छालाको राम्रो हेरचाह हुन्छ। छालाले शरीरका लागि सुरक्षाकवचको काम गर्छ। यसले पानीको स्तर पनि नियन्त्रित गर्छ। पानी भरपूर पिउनाले छाला नरम पनि बन्छ। पानीको कमी हुँदा छाला रुखो र निस्तेज हुन्छ। डिहाइड्रेसन हुँदा छालामा डर्मटाइटिस, सराइअसिसजस्ता विभिन्न समस्या निम्तने डर हुन्छ।

६. पाचनसम्बन्धी समस्या

शरीरले पर्याप्त पानी नपाउँदा क्याल्सियम र म्याग्नेसियमको कमी हुन्छ, जसबट शरीरमा पाचनसम्बन्धी कयौं समस्या निम्तन सक्छ। जस्तै, अल्सर, ग्यास आदि। खाना पचाउन पनि पानी आवश्यक हुन्छ।

७. तौल बढ्ने

खानाबाट प्राप्त क्यालोरीलाई जलाउन पानीको महत्वपूर्ण भूमिका हुन्छ। पानीको मात्रामा कमी आउनाले क्यालोरी जलाउन पर्याप्त पानी नपाउने हो भने बोसो कम नष्ट हुन्छ र तौल बढ्ने समस्या हुन्छ।

८. मानसिक स्वास्थ्यमा असर

डिहाइड्रेसन मानिसको दिमागको कार्यकुशलतालाई प्रभावित गर्न सक्छ। लण्डनमा मनोचिकित्सा संस्थानका अनुसन्धानकर्ताहरुले के पाए भने शरीरमा जब पानीको कमी हुन्छ, त्यसले उसको दिमागी गतिविधिमा निकै असर पार्छ।

९. मधुमेह

मधुमेह पीडित हुँदा बढेको ब्लड सुगरको स्तर पिसाबको रुपमा बहिर निस्कन्छ। योभन्दा बढी भयो भने कमजोरी महसूस हुन्छ र शरीरमा पानीको कमी हुन्छ।

१०. जोर्नीमा प्रभाव

पानीले हाम्रो जोर्नी र मांसपेशीलाई नरम बनाउँछ। यसको कमी हुनाले जोर्नी वा मांसपेशीमा पीडा हुन सक्छ। शरीरमा पानीको कमीका कारण रगतको मात्रामा पनि कमी आउन सक्छ। रगतमा आउने यो कमीका कारण जोर्नीको समस्या पनि आउन सक्छ।

११. मिर्गौलाको समस्या

शरीरमा निरन्तर चलिरहने अनेक खालका रासायनिक क्रियाका कारण केही विषालु तत्वको निमृण हुन्छ। यी विषाक्त पर्दा शरीरबाट बाहिर निकाल्न जरुरतहुन्छ। पानी कमहुँदा यस्ता विषालु तत्व शरीरमा बनिरहन्छन् र कयौं प्रकारका रोग लाग्न सक्छन्।

# लामखुट्टे कस्तो व्यक्तिप्रति बढी आकर्षित हुन्छ?

**डा.शेर बहादुर पुन**

आइतबार विश्व लामखुट्टे दिवस। हरेक वर्ष २० अगस्टका दिन विश्व लामखुट्टे दिवस मनाइन्छ। लामखुट्टेका कारण उत्पन्न हुने रोगबाट बच्न तथा त्यसबारे जनचेतना फैलाउन विश्व लामखुट्टे दिवस मनाइन्छ।

विश्व लामखुट्टे दिवसका अवसरमा लामखुट्टेले कसलाई बढी टोक्छ भनेर डा सरुवा रोग विशेषज्ञ डा शेरबहादुर पुनले तयार पारेको आलेख यहाँ प्रस्तुत गरिएको छः

लामखुट्टेले कसलाई बढी टोक्दै छ? यो प्रश्नको सिधा सम्बन्ध लामखुट्टेबाट सर्ने संक्रमणसँग देखाउन खोजेको हो। अर्थात् जसलाई लामखुट्टेले टोक्छ उसैलाई संक्रमण हुने सम्भावना पनि बढी हुने गर्दछ। हाल देशका विभिन्न ठाउँमा लामखुट्टेको टोकाइबाट सर्ने डेंगु भाइरस सक्रिय हुँदै गइरहेको छ।

लामखुट्टे कस्तो व्यक्तिप्रति बढी आकर्षित हुन्छ भन्ने रोचक तर जानकारीमुलक अनुसन्धान लेखहरु प्रकाशित भएका छन्। 'द अमेरिकिन मसक्युटो कन्ट्रोल एशोसियासन'का अनुसार लामखुट्टे कार्बोनडाइअक्साइड प्रति आकर्षित हुने गर्दछ। श्वास फेर्दा शरीरबाट कार्बोनडाईअक्साइड फ्याँकिने गरिन्छ र शारीरिक क्रियाकलाप गर्दा यो अझ बढी निस्कन्छ। शरीरबाट निक्लने विशेष गन्धमा पनि लामखुट्टेहरु आकर्षित हुने अनुसन्धानहरुले देखिएका छन्। त्यस्ता गन्ध वंशाणुगत समेत हुने गर्दछ। यदी परिवारका सदस्य लामखुट्टेको टोकाईले अजित हुने गर्दछन् भने तपाईं पनि लामखुट्टे टोकाईको जोखिममा पर्न सक्नुहुन्छ।

लामखुट्टे अँध्यारो/गाढा रंग प्रति आकर्षित हुने गर्दछ। तसर्थ यदी कसैले अध्यारो/गाढा रंगको कपडा लगाउनु भएको छ भने लामखुट्टेले टोक्ने सम्भावना बढी हुने गर्दछ। शरीरको तापक्रम बढी हुँदा पनि लामखुट्टे आकर्षित हुने गर्दछ। जापानमा गरिएको एक अनुसन्धानमा बियर प्रेमी (वा मापसे गर्ने) लाई लामखुट्टेले बढी टोक्ने गरेको नतिजा देखाएको थियो। यसर्थ मापसे गर्ने बानी छ भने विशेषत लामखुट्टे सक्रिय हुने सिजनमा टोकाईको उच्च जोखिममा पर्नु हुनेछ।

रगतको समुह 'ओ' भएकाहरुलाई अरु समुह भन्दा बढी टोक्ने गरेको विभिन्न अनुसन्धानहरुले देखिएका छन्। महिला गर्भवती हुँदा पनि लामखुट्टे आकर्षित हुने गरेको अध्यनहरुले देखाएका छन्।

यी माथि उल्लेखित बानी वा अवस्थाहरुमा लामखुट्टेले टोक्ने सम्भावना बढी हुने अध्ययन/अनुसन्धानहरुले देखाएको भएता पनि सबैको सटिक र व्यवहारिक समाधान भने छैन/देखिदैन। तसर्थ, लामखुट्टे सक्रिय भएको वा लामखुट्टेजन्य संक्रमण फैलिएको ठाँउहरुको पहिचान गरी लार्भा "खोज र नष्ट" गर अभियानलाई संचालन गर्नु नै उपयुक्त र बुद्धिमानी हुनेछ। त्यो भन्दा राम्रो, लामखुट्टेको बृदि विकास हुने वातावरण नै श्रृजना हुन नदिनु हुनेछ।


## बाढी पहिरोबाट बचौं र बचाऔं

जथाभावी रुपमा सडक निर्माण गर्दा र अत्यधिक वन विनाशका कारण बाढी पहिरो र भु-क्षय जस्ता प्राकृतिक विपत्तिको जोखिम बढ्ने भएकाले वनजंगल जोगाऔं, खाली ठाउँमा वृक्षारोपण गरौं, बाढी पहिरोबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं ।

अनुरोधक :
डिभिजन वन कार्यालय, प्यूठान

झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा सञ्चालित
झुलेनी पोष्ट साप्ताहिकमा खबर, सुचना, विज्ञापन
लेख रचना पठाउनका लागि, फोन : ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

# अखिल नेपाल किसान महासंघ लुम्बिनी प्रदेशको कार्यशाला प्यूठानमा

**झुलेनी पोष्ट**
**प्यूठान**

नेकपा एमालेको भातृ संगठन अखिल नेपाल किसान महासंघ लुम्बिनी प्रदेशको कार्यशाला गोष्ठी शनिबार प्यूठानमा सम्पन्न भएको छ।

प्यूठान नगरपालिका २ दाँखाक्वाडीस्थित सिद्धार्थसभाहलमा दुई दिनसम्म चलेको कार्यशाला गोष्ठीमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लाबाट अगुवा कृषकहरुको सहभागिता रहेको किसान महासंघ लुम्बिनी प्रदेशका सचिव मुक्ति पोखेलले जानकारी दिए।

कार्यशालाको प्रमुख प्रशिक्षक नेकपा एमालेका उपमहासचिव तथा गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री



पृथ्वीसुब्बा गुरुङ रहेका थिए। कार्यक्रमको प्रमुख अतिथि समेत रहेका गुरुङले कृषिलाई व्यवसायिक र आधुनिकीकरण गर्नु अहिले को आवश्यकता रहेको बताए। साथै उनले देशलाई आर्थिक रुपमा बलियो बनाउन सर कारले कृषि क्षेत्रमा लगानी गर्नुपर्ने बताए।
गोष्ठीमा महासंघको केन्द्रिय अध्यक्ष प्रेम दगाल, कृषि विज्ञ भाष्कर पौडेल, घनश्याम चौधरी, कमलराज श्रेष्ठ लगायतले प्रशिक्षण दिएको आयोजकले जनाएको छ।

# चेरनेटा-बाग्दुला सडक विस्तारको फेरि चर्चा

**झुलेनी पोष्ट**
**प्यूठान**

भालुबाङ-प्यूठान सडक अन्तर्गतको चेरनेटा बाग्दुला सारीबाङ क्षेत्रको सडक विस्तार गर्ने बिषयमा प्यूठान नगरपालिकाले आईतबार बिहान सरोकारवाला निकायसंग एक कार्यक्रमको आयोजना गरेको छ।

सडक फराकिलो बनाउने विषयमा सल्लाह सुझाव तथा परामर्शको लागि कार्यक्रमको आयोजना गरिएको प्यूठान नगरपालिकाका मेयर विष्णु योगीले बताए। प्यूठान नगरपालिका ४ नयाँबजार स्थित होटल आयुष्मामा राखिएको कार्यक्रममा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा,प्यूठान जिल्लाका प्रदेश सांसदहरु तुल्सीराम शर्मा, निमा गिरी, धनलक्ष्मी श्रेष्ठ, पूर्व सांसद कृष्णध्वज खड्का, जिल्ला समन्वय समिति प्यूठानका प्रमुख धर्मबहादुर जी.सी, स्थानीय तहका प्रमुख, उपप्रमुख, जिल्ला स्थित क्रियाशिल राजनिति दलका प्रमुख तथा प्रतिनिधि, सरकारी कार्यालयका प्रमुख, विभिन्न सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधि लगायत सरोकारवाला निकायको सहभागिता थियो।

कार्यक्रममा सहभागि धेरैले सबै पक्षलाई सहमतीमा लिएर सडक फराकिलो बनाउनु पर्ने राय राखेका थिए।



केहि सहभागिले साविककै सडक विस्तार गर्दा करोडौंको भौतिक संरचना नोक्सान हुने भएकाले सडकको विकल्प खोजिनु पर्ने राय राखे। सडक साँघुरो भएकाले विस्तार कसरी गर्न सकिन्छ ? विकल्पहरु के हुन सक्छन् ? भन्ने आवश्यक राय सुझावको लागि कार्यक्रमको आयोजना गरिएको प्यूठान नगरपालिकाका उपमेयर देवेन्द्र बर्माले बताए।यस सडक खण्डमा सडक साघुँरो हुँदा गाडी आवतजावत (पासीङ) गर्न निकै समस्या छ। अप्ठ्यारो र साघुँरो सडकमा धेरै गाडीहरु चल्दा छिन/छिनमै गाडी भेटिनाले दुर्घटनाको जोखिम समेत धेरै छ। २०४४ सालमा खोलिएको सडक फराकिलो बनाउने ठोस योजना अहिलेसम्म कार्यान्वयन भएको छैन। २०६५/०६६ सालमा वटासिल कालोपत्रे समेत साघुँरो सडकमै भएको थियो। त्यसपछि २०७० सालमा यो सडक फराकीलो गराउने व्यापक बहस भएको थियो। त्यो बेला पनि कार्यान्वयन हुन सकेन। जिल्ला सडक ऐन २०३१ ले व्यवस्था गरेको जिल्ला सडकको सेन्टर प्वाइटबाट दायाँ/बायाँ १५ मिटर कायम अहिलेसम्म भएको छैन्। सडकको लगतकत्ता समेत छैन। बिजुवार-बाग्दुला क्षेत्रमा त झन सडक क्षेत्र भित्रै घरहरु निर्माण भएका छन्। सडकमै निर्माण सामग्री राखिएको र सडक क्षेत्रमै टहरा निर्माण गरेर स्थानीय व्यापारीले व्यापार गर्दा झन साघुँरो हुँदै गएको छ। यसमा नगरपालिकाले हटाउन कुनै पहल लिएको छैन। बिजुवार मित्रमणी चोकदेखि प्रहरी चौकीसम्म दिनहुँ सवारी जाम हुने गर्दछ।

# साउन महिनामै १ हजार ३ सय ६२ जना आँखा पाक्ने बिरामी

**बोम बहादुर परियार**
**प्यूठान**

देशभरि आँखा पाक्ने रोग (कन्जेन्टिभाइटिस) को संक्रमण बढेसँगै प्युठान जिल्लामा साउन महिनामा मात्रै १ हजार ३ सय ६२ जना (कन्जेन्टिभाइटिस) का बिरामीले आँखा जाँच गराएका छन्।

प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारमा मात्र साउन १५ गते देखि मसान्तसम्म १ हजार १५ जना कन्जेन्टिभाइटिसका बिरामीको आँखा जाँच गरिएको अस्पतालका प्रमुख लक्ष्मी मल्ल ठकुरीले बताइन।

प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारको भिंगृ र ढुलाबेसीमा रहेका दुई वटा शाखामा आएका बिरामीहरु समेत गरी १ हजार ३ सय ६२ जना कन्जेन्टिभाइटिसका बिरामीको आँखा जाँच गरिएको हो।

आँखा उपचार केन्द्र भिंगृमा साउन महिनामा आँखा जाँच गराएका ५ सय ८३ जना मध्ये ३ सय २१ जनामा कन्जेन्टिभाइटिसको समस्या देखिएको शाखा प्रमुख चन्दना गुरुङले बताइन्।

त्यस्तै संक्रमण बढेसँगै नरेन्द्र गायत्री आँखा अस्पताल ढुलाबेसी शाखामा साउन महिनामा मात्रै ८४ जना आँखाका बिरामीले आँखा जाँच गरेका थिए। आँखा जाँच गराएका मध्ये २६ जनामा कन्जेन्टिभाइटिसको समस्या देखिएको शाखा प्रमुख महम्मद कमर धुनियाले जानकारी दिए।

नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारका प्रमुख ठकुरीका अनुसार पछिल्लो समय आँखा पाक्ने रोगका बिरामी बिस्तारै घट्दै गएका छन्। एकपटक आँखा जाँच गराउन आएका बिरामी दोहोरिएर आउनु भएको छैन, त्यहि प्रकारको नयाँ बिरामी आउने गर्नुहुन्छ , उनले भनिन, 'हामीले दिएको औषधीले सन्चो भएको छ' ठकुरीले आँखाको सरसफाइमा ध्यान दिई सजगता अपनाउन आग्रह गरेकी छिन्।

**मन्त्री....**

गुणस्तर सेवा प्रवाह गर्न नेपाल टेलिकमलाई मन्त्री शर्माले निर्देशन दिएकी छिन्। 'जति सक्दो जनतालाई सेवा बेचि लाभ लिने हो', मन्त्री शर्माले भनिन, 'त्यसैले सेवा प्रवाहलाई प्रभावकारी बनाउदै नयाँ प्याकेज लिन आवश्यक छ।'

सेवा सुविधालाई क्वालिटी र गुणस्तर बनाई धेरै भन्दा ठाउँमा सेवा बेच्न सके नेपाल टेलिकम मात्र नभई सिंगो राज्यलाई नै फाइदा हुने शर्माको भनाई थियो। सरकारी कम्पनी भए पनि टेलिकमका कर्मचारीहरु सरकारी कर्मचारी जस्तै गरेको भन्दै मन्त्री शर्माले त्यस्तो नगर्न सुझाव दिइन्।

## छोटकरी

# ४१ बर्ष पछि साङ्ले गाईनले पाए नागरिकता



**विवश जि एम**
**प्यूठान**

नागरिकता नपाएर अनागरिक बनेका साङ्ले गाईनले नागरिकता पाएका छन्।

ऐरावती गाउँपालिका ५ सिंदुरे डाडाँ स्थित साङ्ले गाईनले ४१ बर्षपछि नागरिकता पाएका हुन्। बुबा हिरे गाईन र आमा गफुली गाईनका छोरा साङ्ले यसअघि नागरिकता बिहिन थिए। सानो उमेरमै बुबाआमाको मृत्यु भएको र कामको शिलशिलामा भारतमा बस्दै आएका गाईनले बिहिबार वडाध्यक्ष चन्द्रबहादुर रोकाको सनाखतामा जिल्ला प्रशासन कार्यालय प्यूठानबाट नागरिकता पाएका हुन्।

उनको तीन पुस्तासम्म पनि कोही आफन्त नभएपछि आफ्नै सनाखतमा नागरिकता उपलब्ध गराएको वडाध्यक्ष रोकाले बताए। 'नेपाली नागरिक भईसकेपछि नागरिकता पाउनुपर्छ भन्ने सोचका साथ सबैको सहयोगमा उनलाई हस्ताक्षरबाट नागरिकता प्रदान गरिएको रोकाले बताए। वडाका कर्मचारी, अस्थायी प्रहरी पोस्ट कैरनका सुरक्षाकर्मीहरु, साक्षी बसेर उनलाइ नागरिकता प्रदान दिलाइएको चन्द्रले बताए। नागरिकता पाएपछि साङ्ले गाईन खुसी भएको उनले बताए।

# नौवहिनी गाउँपालिकाले सार्वजनिक गऱ्यो पालिकाको लोगो

प्यूठान,नौवहिनी गाउँपालिकाले एक कार्यक्रम बिच गाउँपालिकाको लोगो सार्वजनिक गरेको छ।

बुधबार आर्थिक वर्ष २०७९/०८०को वार्षिक समिक्षा कार्यक्रमको अवसरमा गाउँपालिकाको पहिचान र सोलोगन समेटिएको लोगो सार्वजनिक गरिएको हो। आर्थिक वर्ष २०७९/०८० मा भएका कार्यक्रमहरुको प्रगतिको बारेमा समिक्षा गरिएको हो। गाउँपालिकाले चालू तर्फ ८८.६७ प्रतिशत र पूजिगत तर्फ ९.४५ प्रतिशत गरि समग्रमा ८९.५६ प्रतिशत कार्य प्रगति गरेको छ।

प्रमुख प्रशासकीय अधिकृत शिवराज पौडेलको अध्यक्षतामा सुरु भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष दिलबहादुर थापाको प्रमुख आतिथ्यता तथा उपाध्यक्ष बिष्णा थापाको विशेष आतिथ्यता रहेको थियो। यस्तै कार्यक्रममा वडाध्यक्ष, सदस्य, नेपाल पत्रकार महासंघ प्यूठानका अध्यक्ष सज्जय रिजाल, पूर्व अध्यक्ष सुशिल पोखेल लगायत विभिन्न शाखा प्रमुख तथा राष्ट्रसेवक कर्मचारीहरुको सहभागिता रहेको थियो।

# सडक क्षेत्रका संरचना हटाउन नगरपालिकाले पहल थाल्दै

प्यूठान नगरपालिकाले अव्यवस्थित रुपमा रहेका संरचना हटाउन सूचना जारी गरेको छ।

नगरपालिकाले बुधबार एक सूचना जारी गर्दै सार्वजनिक स्थल तथा सडक आवागमन क्षेत्रभित्र अनाधिकृत रुपमा सञ्चालन भएका संरचनालाई हटाउन भनेको छ। सार्वजनिक ठाउँ तथा सडकहरुमा अनाधिकृत रुपमा संचालित व्यवसाय, ठेला गाडा लगायत अस्थायी संरचना निर्माण कार्यबाट नगरपालिकालाई यातायात आवगमनमा समस्या भएको, नगर सौन्दर्यता र सरसफाईमा समेत असर परेको भन्दै उक्त कार्यहरु नगर्न आग्रह गरेको हो।

त्यस्तो कार्यहरु भएको ठाउँहरुमा ती संरचनाहरु हटाउन सुचना निकालेको नगरप्रमुख बिष्णु बहादुर योगिले जानकारी दिए। नगरप्रमुख योगिका अनुसार कसैले उक्त सूचनालाई कार्यान्वय नगरेको पाईएमा प्रचलित कानून अनुसार कार्वाही समेत गरिने बताए।

**ललिता....**

मन्त्रालय र प्रहरी प्रधान कार्यालय उच्च स्रोतले भन्यो, 'यो विषयसमेत सम्बन्धित पक्षलाई अवगत गराएपछि बयान लिन सम्भव भएको हो।' त्यसपछि आइतबार राति दुवै पूर्वप्रधानमन्त्रीसँग सीआईबीका अधिकारीहरूले बयान कागज गराएका हुन्। स्रोतका अनुसार सीआईबीसँगको बयानमा दुवै पूर्वप्रधानमन्त्रीले मन्त्रालयबाट आएका प्रस्तावलाई विश्वास गरेर निर्णय लिँदा सरकारी जग्गा भूमाफियाले हडपेको स्वीकार गरेका छन्। दुवै पूर्वप्रधानमन्त्रीले जग्गा हडप्ने र त्यसबाट नाजायज लाभ लिने कुन मनसाय नभएको भन्दै जग्गा हिनामिना गर्नेलाई कारबाहीको दायरामा ल्याउन आफूहरू सहयोगी बन्ने बताएका छन्।

ललिता निवासको जग्गा हिनामिना प्रकरणमा सीआईबीले संगठित अपराध निवारण ऐन २०७० र मुलुकी ऐन २०२० को कीर्ते सम्बन्धी कसुर लगाएर अनुसन्धान गरिरहेको छ। अनुसन्धान प्रक्रिया टुंग्याउनुअघि सीआईबीले दुई निर्णायाधिकारीहरु पूर्वप्रधानमन्त्री भट्टराई र नेपालसँग बयान कागज गराएको हो।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## लुम्बिनी.....

लुम्बिनी प्रदेशको १२ जिल्लाको शुरुवाती अवस्थादेखि अहिले सम्म सयौंको सङ्ख्यामा दर्ता भएको पाइएतापनि प्रेस काउन्सिल नेपालको बिवरण अनुसार ७० वटा पत्रिका मात्रै नियमित प्रकाशन भएको देखिन्छ । यस अनुसार पाल्पामा अहिले एक दैनिक, ४ साप्ताहिक, २ अर्धसाप्ताहिक, २ पाक्षिक र १ त्रैमासिक गरी १० पत्रिका प्रकाशनमा रहेका छन् । बाँकेमा १७४ पत्रपत्रिका दर्तामा छन् शुक्रऋषि चौलागाईका अनुसार दैनिक/ साप्ताहिक सहित करिव डेढ दर्जनको हाराहारीमा मात्र प्रकाशन भएको देखिन्छ। रुपन्देहीमा भने करिव २ दर्जन पत्रपत्रिकाहरु संचालनमा छन् । प्यूठानमा १९ वटा पत्रिका दर्ता छन् तर केवल ३ साप्ताहिक पत्रिका मात्र नियमित संचालनमा रहेका छन् । नवलपरासीमा करिव ४ दर्जन पत्रपत्रिकाहरु दर्ता रहेपनि केवल ५ वटा पत्रिकाहरु मात्र प्रकाशनमा रहेको बताइन्छ । यस्तै बर्दिया जिल्लामा ४० वटा पत्रिका दर्ता रहेको प्रशासन कार्यालयको तथ्याँकमा देख्न सकिन्छ भने नियमितताका दृष्टिले ८ वटा पत्रिका मात्रै संचालनमा रहेको बर्दियाबाट पत्रकार शितल थापाले बताएका छन्। प्रादेशिक राजधानी दाङमा हालसम्म २३ वटा पत्रिका दर्ता छन् भने १० वटा पत्रिका मात्रै नियमित रहेको देखिन्छ । रोल्पामा यसमा त्रैमासिक र पाक्षिक सहित ६ वटा मात्रै नियमित प्रकाशनमा छन् । अर्घाखाँचीमा अहिले सम्म १ दर्जन भन्दाबढी पत्रपत्रिकाहरु छन् तर कुनै पनि पत्रिकाहरु नियमित प्रकाशनमा छैनन् । कपिलबस्तु जिल्लामा १३ पत्रपत्रिका दर्ता भएको देखिन्छ । कपिलबस्तुबाट पत्रकार डिला भूसालका अनुसार ४ वटा मात्रै नियमित देखिन्छन् । गुल्मीबाट पत्रकार तिलाचन पाण्डेका अनुसार त्यहाँ कुनैपनि समाचारमूलक पत्रिका प्रकाशन हुने गरेको देखिदैन । यसरी दर्तामा रहेका पत्रिका मध्ये समग्र लुम्बिनी प्रदेशभर एक चौथाई पत्रिका मात्र नियमित संचालनमा रहेका छन । प्रकाशनमा रहेका पत्रिकाहरु पनि दयनिय अवस्थामा छन् । आखिर किन यसरी लुम्बिनीको छापा पत्रकारिता कमजोर छ ? यो अहिलेको गम्भिर खोजीनीतिको बिषय बन्नु जरुरी छ । यसर्थ प्रस्तुत आलेखमा यसका केही कारणहरु खोतल्ने प्रयास गरिएको छ ।

***कमजोर हुनुका कारणहरु :***

क) अनलाइन /डिजिटल प्रबिधिको प्रभाव : नेपालको राजनीतिक परिबर्तनको आन्दोलनको बिभिन्न कालखण्डमा छापा पत्रकारिताले उल्लेख्य भूमिका खेलेको भएतापनि बिस्तारै कमजोर हनुमा अनलाइन संचारमाध्यमको प्रबेशको प्रभाव मुख्य कारणको रुपमा लिन सकिन्छ । अहिले पत्रपत्रिकालाई अललाइन संस्करणमा परिणत गर्ने प्रक्रियामा हातहातमा मोवाइल हुनु र छिनछिनमा अनलाइनबाट जानकारी प्राप्त हुने भएका कारण छापा पत्रकारिताप्रति चासो घटाएको छ । साथै सामाजिक संजालप्रतिको बढ्दो लतले पनि पठन संस्कृतिमा ह्रास ल्याएको देखिन्छ ।

ख) लगानी ब्यबस्थापनमा समस्या : संचार माध्यमलाई ब्यबस्थित रुपमा संचालन गर्नका लागि लगानी पक्ष नै महत्वपूर्ण छ । हामी कहाँ लगानी पक्षमा ध्यान नदिई संचार माध्यम संचालनमा ल्याउन खोज्ने हचुवा शैलीले तेल बिनाको सेल खोज्नु जस्तै भएको छ। शहरिया भन्दा पहाडि बेल्टमा हेर्दा पत्रिका दर्ता गर्ने र पर्वे पत्रकारिताको सोंच राखिनुले पनि छापा संचारमाध्यम गतिलो रुपमा संचालनमा आउन सकेको छैन । यसले जनतामा झन बिश्वास घटाएको छ ।

ग) ब्यवस्थापकीय सीपको कमी : पत्रकारितालाई ब्यवसायिक सोंच सहित दिगोरुपमा संचालन गर्नका लागि ब्यवस्थापकीय सीप नै मुख्य पक्ष हो। बिडम्वना यहाँ त बिना ब्यबस्थापन मिडिया जस्तो संबेदनशील पक्षमा साहस भनौं कि दुस्साहस जर्वजस्त रुपमा देखासिकी र प्रतिशोधपूर्ण भावनाले पनि मिडिया संचालन गर्न खोजेको देखिन्छ । यसको असर अन्ततः निरुन्तरतामा जोडिने गरेको छ । पत्रिका संचालनका लागि आबश्यक उपकरण नुहुनु, लेखा ब्यवस्थापन नहुनु, न्यूनतम रुपमा आबश्यक पर्ने एउटा कार्यालय समेत नहुनु र एउटै ब्यक्ति सम्पादक देखि हकर सम्मको भूमिकामा रहँदै बिज्ञापन संकलनकर्ताको भूमिकामा जोडिनु अझ स्पष्ट साथ भन्ने हो भने सम्पादक र प्रकाशक दोहोरो भूमिका एकै ब्यक्तिबाट हुनुले पनि छापा पत्रकारिताको ब्यवस्थापनमा समस्या खडा गरेको छ ।

घ)साँघुरो बिज्ञापन र पत्रिकाको बजारः पत्रपत्रिका फस्टाउन र नियमित रुपमा संचालन हुन नसक्नुका पछाडि सांघुरो बिज्ञापन बजार नै हो । लुम्बिनी प्रदेशका पत्रकारहरुले बिभिन्न गोष्ठी र कार्यक्रममा बिज्ञापनका लागि आवाज उठाउदै आएका छन । तर प्रकाशन भएका पत्रिकाहरु बिशाल समुदायमा पुग्न सकेको देखिन्न । सिमित आसपासका क्षेत्रमा मुस्किलले देखिने गर्दछ । जस्ले गर्दा बिज्ञापनदाताले पनि बिज्ञापन दिन नचाहनु स्वभाविकै हो । बिज्ञापनदाताले पनि लगानी गरेपछि प्रतिफल खोज्नु स्वभाविकै हो । पर्वे सिजनमा प्रकाशन हुने अनि ठूलो मात्रामा बिज्ञापनको आसा गरिनुले स्वरोजगारमुखी पत्रकारितामा एकहद सम्म सहयोग पुरयाएको होला तर दिर्घकालीन रुपमा यो कार्यशैलीले टिकाउन हम्मे हम्मे परेको छ। अर्कोतर्फ स्थानीय स्तरमा प्रकाशनमा रहेका पत्रिकाहरुले समाचार सममग्रीमा साभार शैली अपनाउनुले पनि आकर्षण घटाउको देखिन्छ । यस्तै पत्रिका किनेर पढ्नु पर्छ भन्ने सोंचको अभाव देखिनुले पनि पत्रिका प्रकाशनमा बाधा उत्पन्न गरेको छ। निशुल्क बितरण गर्नकै लागि किन धेरै मिहेनत गर्ने?भन्ने सोंचले प्रकाशकमा धारणा बसेको छ र पत्रिकाहरु गुणस्तरयुक्त बन्न नसक्दा छापा पत्रकारिता कमजोर देखिन्छ ।

ङ) ब्यवसायिक सोंच र संस्थागत प्रयासको अभाव : छापा संचार माध्यम संचालनमा ल्याउन ब्यवसायिक सोंच र आँट नै हुनु पर्दछ तर हामीमध्ये अधिकांसमा यो सोंचको अभाव नै देखिन्छ । राजनीतिक आस्थालाई त्यागेर पत्रकारहरु संगठित भई संस्थागत रुपमा पत्रिका निकाल्नु पर्दछ भन्ने सोंचको

बाँकी ७ पेजमा...

## अनुत्पादक...

आलोचना गरे । उनले मणिपुरका जनताको भावना र आत्मसम्मानप्रति राज्यको अपहेलनाको चर्चा गर्दै प्राचीन रामायणको प्रसंग जोडे । लंकामा आगो हनुमानले होइन, रावणको अहंकारले लगाएको र रावणको मृत्यु रामद्वारा होइन, रावणको अहंकारका कारण भएको चर्चा गरे ।

यसबाट प्रष्ट हुन्छ, अहंकार कति खतरनाक हुन्छ । अहंकारले आफैंलाई भष्म गर्ने भएकाले यो एक प्रकारको आत्महत्या पनि हो । संसारमा अहंकारीहरूको विनाश नै भएको छ । नेपालमा २०६४ सालको संविधानसभा निर्वाचनपछि र २०७४ पछि शासनमा पुगेका व्यक्तिहरूको अहंकार प्रकट भएको थियो । जसको मूल्य तत्कालै चुकाउनु परेको थियो ।त्यसो त २०४६ को परिवर्तनपश्चात् सत्तामा पुगेका अधिकांश व्यक्तिको अहंकार विभिन्न रूपमा प्रकट भएकै हो । जसले जनतालाई निर्वाचन प्रयोजनका लागि मात्र स्मरण गर्छ र सत्तामा बसेर बारम्बार दुर्व्यवहार गर्छ । यस्तो सुविधा वा छुट दुनियाँका उत्कृष्ट लोकतन्त्रमा कतै पनि छैन नेपाल त्यसको अपवाद छ र कतै पनि यहाँको जस्तो जात्रा हेर्न पाईदैन । विश्वका समुन्नत र उत्कृष्ट लोकतान्त्रिक शासन प्रणालीको अभ्यास भएका देशहरूमा राजनीतिक दलहरू जनता वा मतदातालाई जनार्दन अर्थात् भगवान मान्दछन् । जनताकै कृपा, अनुकम्पा र विश्वासले दलहरू सत्तामा पुगेर काम गर्ने अवसर पाउँदछन् ।के नेपालका राजनीतिक दलहरू जनभावना अनुसार चलेका छन् त? आज हाम्रासामु अनगिन्ती प्रश्न उठेका छन् । जनताबाट छानिने तर जिम्मेवारीमा पुगेपछि जनता बिर्सने र जथाभावी गर्ने प्रवृत्तिबाट नेपाली समाज ग्रस्त छ र राज्यप्रतिको जनविश्वास ऋणात्मक छ ।राजनीतिमा जे गरे पनि हुने हो र? सत्ता सीमित नेताको स्वार्थ पूरा गर्ने माध्यम हो र? यतिबेला नेपालमा चलिरहेको राजनीतिक प्रहसनले जनतालाई मर्माहत तुल्याएको छ ।

भ्रष्टाचार, तस्करी र अख्तियार दुरुपयोग राज्यको जीवन पद्धति भएको छ। राजनीतिक जवाफदेही शून्य बराबर छ । समाज आदर्शच्युत हुँदैछ । कसलाई हेरेर आश गर्ने ? मन अड्याउने कहाँ ? भर गर्ने कसलाई ?कांग्रेस पार्टीमा तीव्र गतिमा मूल्य स्खलन जारी छ । अरु दलको कुरै भएन । यस्तो स्थितिले समाजमा घोर निराशा फैलिँदै छ । यसले आक्रोशको रूप लियो भने विद्रोहको नयाँ चरण सुरु हुनेछ । अनि देश सम्हाल्ने कसले ?हामी सिद्धान्तले अब्बल लोकतन्त्रवादी भयौं । दुनियाँमा प्रयोगमा आएका विचारधारा, वाद र सिद्धान्तहरूमध्ये सर्वाधिक लोकतान्त्रिक सिद्धान्त कांग्रेसले अवलम्बन गरेको सिद्धान्त हो । हाम्रो राजनीतिको केन्द्र जनताको सुख हो । अर्को कुरा कुनै पनि देशका बासिन्दाले खोजेको कुरा आफू बसेको समाजको शान्ति र सुव्यवस्था हो ।गुणस्तरीय सुलभ शिक्षा, सुलभ र सहज स्वास्थ्य उपचार, राजनीतिक अधिकारको सुनिश्चितता र गुणस्तरीय जीवन प्रमुख कुरा हुन् । यी कुरा सफल शासन व्यवस्थाले मात्र सुनिश्चित गर्न सक्छ।देशलाई राम्रोसँग चलाउन नसक्ने, छिमेकी देशहरूसँग सुमधुर सम्बन्ध राख्न नसक्ने, देशमा धार्मिक तथा सामाजिक सद्भाव जोगाउन नसक्ने र नयाँ पुस्तालाई देशमै राखेर राष्ट्र निर्माण कार्यमा सरिक गराउन नसक्ने राजनीतिज्ञहरूलाई देशको बागडोर अँठ्याइराख्ने कुनै अधिकार छैन ।

सफल शासन व्यवस्था भनेको असल शासन व्यवस्था हो । यसलाई सुशासनले मात्र प्रत्याभूत गर्न सक्छ । यसका निम्ति सही सिद्धान्त भएको गतिलो र भरपर्दो राजनीतिक दल चाहिन्छ । विचार र सिद्धान्तका हिसाबले कांग्रेस बाहेक अरु दलसँग अपेक्षा गर्ने ठाउँ थिएन ।अहिलेको अवस्था के छ त? नेपाली कांग्रेस जनअपेक्षा अनुसार चलेको छ त? सीमान्तमा उभिएको गरीब नेपालीको कांग्रेसका बारेमा के धारणा छ? के हामी आफैं राम्रोसँग चलेका छौं त? कि अरुलाई उपदेश दिएर मात्र पुग्छ? हामीबाट न पार्टी राम्रो चल्न सक्यो, न देश । राज्य सञ्चालनमा गतिलो व्यवहार प्रदर्शन गर्न सकेनौं भने होस नहुँदा सरकारमा पुग्नु भनेको पार्टीका नेताले जागिर खानु जस्तो प्रमाणित भएको छ।के कांग्रेस पार्टीका लागि सुहाउँदो कुरा हो यो? र अर्को कुरा जनताले राजनीतिक दलको सिद्धान्त र इतिहास मात्र हेर्दैन, वर्तमान भूमिका पनि हेर्छ । के हाम्रो भूमिका जनतालाई आश्वस्त पार्ने खालको छ त? पटक्कै छैन । पार्टीको आन्तरिक जीवनमा असहमत पक्षलाई कुनै स्थान छैन । के यही हो लोकतान्त्रिक पार्टीको चरित्र ? पार्टी त राम्रो चलाउन सकेनन् नै, नेपालको भूराजनीतिक वास्तविकतालाई दृष्टिगत गरी राज्य सञ्चालन गर्ने कौशल हाम्रा राजनीतिज्ञहरूले देखाउन सकेनन् । चीन, भारत र अमेरिका जस्ता महाशक्ति राष्ट्रहरूको चाख, चासो र अन्तर्राष्ट्रिय स्वार्थलाई मध्यनजर गरी सन्तुलित भूमिका खेल्नु नेपाल जस्ता देशको बुद्धिमानी र बाध्यता दुवै हो ।भारत र चीन जस्ता सीमा जोडिएका छिमेकी देश हाम्रा लागि बरदान र शक्ति बन्न सक्छन् । यो धरातलीय यथार्थलाई आत्मसात् गरी नेपालले भूमिका खेल्न सक्नुपर्छ । अरु पार्टीको कुरा भएन, बीपीको पार्टीले त कुरा बुझ्नुपर्थ्यो कि पर्दैनथ्यो ?

त्यसैले नेपाली समाजले एउटै निष्कर्ष निकाल्दैछ कि नेपालको अधोगतिको कारण के हो? राजनीतिक प्रणाली हो वा राजनीतिक दल हुन्? राजनीतिक दल हुन् या तिनका नेता? यसको अन्तिम निचोड हो दलका नेता । दलका नेता को को? किनकि नेता त धेरै छन् ।यसको पनि अन्तिम निचोड छ, जो तर्कसंगत र जायज छ । क्षमता र योग्यता भएको वा आफ्नो जिम्मेवारी बुझेको व्यक्तिले एकैपटकमा आफ्नो कुशलता देखाउँछ । बारम्बार अवसर पाएर पनि केही गर्न नसक्ने व्यक्तिको राज्य सञ्चालनमा कुनै काम छैन ।यो कुनै पूर्वाग्रही लाञ्छना होइन, विश्वव्यापी सत्य हो । नेपालमा २०४६ देखि बारम्बार सत्तामा गएर काम गर्न नसक्ने, राजनीतिक प्रणाली र दललाई बदनाम गराउनेहरूको अब कुनै काम छैन। यो नेपाली जनताको आवाज हो ।साँच्चै भन्ने हो भने आफूबाट अपेक्षाकृत काम हुन सकेन भने स्वयंले बुझ्नुपर्ने कुरा पनि हो । दुनियाँलाई थाहा छ कि जनताबाट बारम्बार चुनिएर पनि राष्ट्रका प्रतिको जिम्मेवारी पूरा गर्न सकिँदैन भने आफूले मार्गप्रशस्त गरिदिनुपर्छ, समाजका लागि बोझ बन्नुहुँदैन । समाजका लागि बोझ बनेकाहरूलाई राज्यले पाल्न सक्तैन । हामी सबैलाई थाहा छ, देशलाई राम्रोसँग चलाउन नसक्ने, छिमेकी देशहरूसँग सुमधुर सम्बन्ध राख्न नसक्ने, देशमा धार्मिक तथा सामाजिक सद्भाव जोगाउन नसक्ने र नयाँ पुस्तालाई देशमै राखेर राष्ट्र निर्माण कार्यमा सरिक गराउन नसक्ने राजनीतिज्ञहरूलाई देशको बागडोर अँठ्याइराख्ने कुनै अधिकार छैन ।

त्यसैले अहिलेको राष्ट्रिय आवश्यकता साढे तीन दशकको अनुत्पादक नेतृत्वबाट पूर्ण मुक्ति हो । यसमा मुख्य दलका सबै नेता पर्दछन् । थारो भैंसी किन पाल्ने ? अबको साझा प्रयत्न यसैमा हुनुपर्छ ।

मल्लरानी ट्रेडर्स एण्ड सप्लायर्स
प्रो. बिपिन श्रेष्ठ
राम के सी
प्यूठान न.पा ४ जाल्पादेवी रोड जुम्री, प्यूठान
९८५७८३३७६२
९८४७८७४५२४
हामी कहाँ सिमेन्ट, सरिया, ईटा, जस्ता पाता तथा हार्डवेयर सम्वन्धी सम्पुर्ण सामानहरु पाउनुका साथै घर निर्माणका सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।


## उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

उपभोग्य वस्तु खरिद बिक्रि तथा उपभोग गर्नुअगाडि देहायका कुराहरुमा ध्यान दिई सचेत उपभोक्ता एवं जिम्मेवार व्यसायीको परिचय कायम गरौं ।

- उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं ।
- उद्योगबाट निस्कने ठोस, तरल तथा अन्य फोहरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं ।
- बिक्रि गर्ने बस्तुहरु समय समयमा निरिक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्रि स्थलमा नराखौं ।
- बिक्रियोग्य बस्तुको आवश्यकता अनुसारका तापक्रममा भण्डारण गर्ने गरौं।
- बिना इजाजत सुर्तिजन्य मदिराजन्य वस्तुहरुको बिक्रि वितरण नगरौं ।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्रि गर्नु दण्डनीय अपराध भएको हुँदा त्यस्तो कार्य नगरौं ।
- कारोवार स्थलमा साइनबोर्ड तथा मुल्यसूची स्पष्ट देखिन गरी अनिवार्य रुपमा राख्ने गरौं ।
- उपभोग्य वस्तु खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं ।
- उपभोक्ताले कुनै पनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति , मुल्य, तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं।
- प्लाष्टिकका झोलाको विकल्पमा कपडा वा अन्य झोला प्रयोग गरौं ।
- कृत्रिम अभाव श्रृजना गरिएका, कमसल वस्तु बिक्रि वितरण गरेको पाइएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं।
- उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खवरदारी गरौं ।

**अनुरोधक :**
**घरेलु तथा साना उद्योग कार्यालय,**
**खलङ्गा प्यूठान**


**लुम्बिनी....**

बिकास हुन नसक्नु पनि निरन्तरता अभावको मुख्य कारण हो । पछिल्लो समय सवै सम्पादक नै बन्नु पर्ने संस्कार बिकास हुन थालेको छ । समाजमा म पनि सम्पादक हो भनेर फूर्ति देखाउन पत्रिका दर्ता गर्ने र प्रकाशनमा भने ध्यान नै नभएको प्रबृति पनि हावी हुन थालेको छ । यसले ब्यवसायिक र दिगो रुपमा पत्रिका प्रकाशन गर्ने सोंच नरहेको प्रष्ट पार्दछ । सवै जिम्मेवारी एक्लैले बहन गर्ने सोंचले पनि पत्रिकाको भबिष्य संकटमा परेको छ ।

***जनशक्ति :*** योग्यता आचरण र पलायन पत्रकारिता भनेको बौद्धिक पेशा हो । समाजलाई सुसुचित गर्ने महत्वपूर्ण माध्यम हो भन्ने तर्फ सवै जानकार रहँदा रहँदै पनि पत्रकारितामा एकातिर जनशक्तिको अभावमै जवजर्स्त रुपमा संचालन गर्ने प्रयास थालिएका छन् भने अर्कोतर्फ स्वयं पत्रकारका बिषयमा उठेका सास्कृतिक आचरणका कुराले पनि संचारक्षेत्रमा कतिपय अबिश्वास खडा गरेको छ। पत्रकारितामा आबश्यक पर्ने योग्यतादेखि पठन संस्कृतिको अभाव देखिनु, भाषागत शुद्धाशुद्धीमा ध्यान दिन नसक्नु ,पत्रकार आचारसंहिताको ख्याल नगरिनु अर्कोतर्फ उत्पादन भएका केही जनशक्ति पनि ब्यबस्थापकीय पक्षमा दोंखिएका कमजोर तौरतरीकाले पेशाबाटै पलायन हुने अवस्था देखिनु आदी यस्ता कैयन उदाहरण छन्। एउटा ब्यक्ति उत्पादन गर्न जति मिहेनत जरुर छ त्यत्तिकै रुपमा टिकाउन पनि गाह्रो छ । यसका लागि ब्यक्तिका आचरण योग्यता र पलायनका समस्या पनि छापा पत्रकारिता भित्रका संकट हुन भन्ने लाग्दछ।

यसरी समकालीन परिबेशमा छापा पत्रकारिताको एक पक्षबाट आबश्यकताबोध महशुस हुँदाहुदै पनि छापामा आशाजनक बातावरण सृजना हुन सकेको छैन। यसका पछाडि राज्य पक्षले अहिले सम्म पनि बिज्ञापन नितिदेखि पत्रकारको क्षमता बिकासमा पर्याप्त ध्यान दिन नसक्नु पनि अर्को कारणको रुपमा लिन सकिन्छ। स्थानीय पत्रपत्रिकाको लागि स्थानीय तह जिम्मेवार बन्न नसक्नु या नवनाइनुले पनि निरन्तरमा ठेस लाग्ने काम भएको छ । राजनीतिक दलदलको प्रभाव पनि उत्तिकै सशक्त बनेर भित्रिदा मिडियामा पक्षधरताको दृष्टिकोणले काम गरेको छ। यसैले छापा पत्रकारितालाई निरन्तरता दिनका समयसापेक्ष आबश्यक पर्ने ब्यवस्थापकीय पक्षमा ध्यान दिनै पर्दछ । बर्तमान प्रतिष्पर्धाको बजारमा सन्तुलित भई ब्यवसायिक सोंचका साथ गुण पक्षमा ध्यान दिन नसक्ने हो भने अझैपनि कैयन पत्रिकाहरु ढोका बन्दको स्थितिमा पुग्नेछन् । त्यसैले यसको ब्यवसायिक भबिष्यका लागि नयाँ शिराबाट सोंच्नु जरुरी छ।


***लेखक : नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य हुनुहुन्छ।***


**लक्ष्मी ट्रेडर्स**

**प्यूठान न.पा ४ जूम्री प्यूठान**

सम्पर्क :
०८६-४६०६४१
९८५७८२०६८२
९८४४९०९६७०

प्रो. बद्री श्रेष्ठ



हामी कहाँ सिमेन्ट, सरिया, इटा, जि आइ, पि बीसी, एच जि पी, पाइप, पाइप फिटिङ्, कर्कट पाता, ट्वाइलेट तथा वाथरुम फिटिङ्, पानी टंकी रंग रोगन र प्लास्टिक पेन्ट पनि पाइन्छ ।



## गाउँपालिकाबासीहरुमा अनुरोध

उच्च ज्वरो आउनु,जोर्नी र मांसपेशीहरुमा असहृय,पिडा हुनु,आँखाको गेडी दुख्नु,अत्यधिक टाउको दुख्नु ,शरीरमा राता बिमिराहरु आउनु,वाकवाकी लाग्नु वा वान्ता हुनु आदि लक्षणहरु देखा परेमा डेंगी हुन सक्छ। त्यसैले तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**अनुरोधक :**
**नौबहिनी गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय बाहाने , प्युठान ।



## गाउंपालिकाबासीहरुमा अनुरोध

उच्च ज्वरो आउनु,जोर्नी र मांसपेशीहरुमा असहृय,पिडा हुनु,आँखाको गेडी दुख्नु, अत्यधिक टाउको दुख्नु ,शरीरमा राता बिमिराहरु आउनु,वाकवाकी लाग्नु वा वान्ता हुनु आदि लक्षणहरु देखा परेमा डेंगी हुन सक्छ। त्यसैले तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**अनुरोधक :**
**सरुमारानी गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा, प्युठान ।

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइ जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रुपमा सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं र गराऔं

१) जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
२)बच्चा जन्मेको ३५ दिनभित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई दर्ता गरौं ।
३) जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सकिन्छ ।
४) जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
५) विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ ।
६) सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
७) बसाई सराई दर्ता गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनु पर्छ ।
८) सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।
९) व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं ।
१०) सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान, सामाजिक सुरक्षाको हाम्रो अभियान ।

त्यसैले, जन्म, मृत्यु, विवाह, बसाईंसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।

**अनुरोधक :**

**ऐरावती गाउँपालिका,**
सामाजिक सुरक्षा तथा पंजिकरण सेवा इकाई बरौला, प्यूठान ।

# जनहितमा जारी

- अव्यस्थित तरिकाले रुखहरु नकाटौं,बनजंगलको संरक्षण गरौं
- भिर पाखाबाट जथाभावी ढुंगामाटो नफिकौं
-पहिरो जाने संभावित ठाउँ वरिपरि भल कुलो तर्काऔं
- बिपद्को हिसावले जोखिम क्षेत्रहरु र सुरक्षित स्थानको पहिचान गरिराखौं
- विपदको समयमा सहयोग गर्ने निकायहरुको पहिचान गरिराखौं
-आपतकालिन सहयोगको लागि राहत सामग्रीको ब्यवस्था गरिराखौं
-उद्धारटोलीलाई परिचालन गरि राहत सामग्रीको ब्यवस्थापन गरौं
- बिपद्बाट प्रभावित तथा विस्थापितहरुलाई सुरक्षित स्थानमा पुर्नस्थापित गर्न पहल र सहयोग गरौं
- संचार सामग्री सदैव साथमा राखौं र अरुलाई पनि राख्न लगाऔं।

**जलश्रोत तथा सिचाई डिभिजन कार्यालय , प्यूठान**

## आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरुः

- बरफले आँखा सेक्ने
- सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सेक्ने।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने
- प्रशस्त मात्रामा पोषिलो खाना खाने।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल,टावेल,सिरानी,तन्ना आदि दैनिक धुने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान अरुलाई प्रयोग गर्न नदिने।
- स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगर्ने ।
- दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

# नेपाल सरकार विज्ञापन बोर्ड

## सामाजिक सुरक्षा भत्ता सम्बन्धी जरुरी सूचना

प्रस्तुत बिषयमा आ.ब.२०८०/०८१ मा यस वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पुर्ण लाभग्राहीहरुले प्रत्येक आ.ब.को भाद्र मसान्तभित्र सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्नुपर्ने कानुनी प्रावधान अनुसार मिति २०८०/०४/०१ गतेदेखि २०८०/०५/२५ गतेसम्म कार्यालय समयमा वडा कार्यालय निशानटाकुरामा उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्नु हुन यस वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पुर्ण लाभग्राहीहरुमा अनुरोध छ।

नोटः परिचय पत्र नवीकरण गर्न आउँदा जेष्ठ नागरिक र दलित जेष्ठ नागरिकको हकमा नागरिकताको प्रतिलिपि,एकप्रति फोटो,बिधुवा/एकलको हकमा नागरिकताको प्रतिलिपी, एकप्रति फोटो,श्रीमानको मृत्युदर्ताको प्रतिलिपी, अर्को बिबाह नगरेको सिफारिस,अपांगको हकमा नागरिकताको प्रतिलिपी/अपांग परिचय पत्रको प्रतिलिपी,एक प्रति फोटो, संरक्षकको नागरिकताको प्रतिलिपी,दलित बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी, एकप्रति फोटो,संरक्षकको नागरिकताको प्रतिलिपी र एकप्रति फोटो अनिवार्य ल्याउनु पर्नेछ।

**मनोज कुमार जि.सी.**
**सचिव**

**नोमराज पौडेल**
**वडाध्यक्ष**

**अनुरोधक :**

# मल्लरानी गाउँपालिका

वडा नं. ३, को कार्यालय, निशानटाकुरा प्यूठान

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान